महेन्द्र माला



महेन्द्र माला

कक्षा ६

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा सुरक्षित

संस्करणहरू २०३०, २०३१, २०३२, २०३३, २०३४,
२०३५, २०३६, २०३६, २०३७,

परिमार्जित पाठ्यक्रम अनुसार पहिलो संस्करण २०३८

मूल्य ५।–

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस)मा मुद्रीत



"राष्ट्रिय प्रतिभालाई फुलाउने फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु ।"

श्री ५ वीरेन्द्र

स्वर्गीय
श्री ५ महेन्द्रको सन्देश

आफ्नो परम्पराअनुसार शिक्षालाई आजको बदलिदो युग सुहाउने बनाउन र देश तथा नेपाली समाजको विकासको आवश्यकतालाई परिपूर्ति गर्न श्री ५ को सरकारले नयाँ राष्ट्रिय शिक्षा पद्धति तयार गरी यसै २०२८ सालको शैक्षिक सत्रदेखि क्रमशः अधिराज्यभर लागू गर्दै लैजाने कुरा सबैलाई थाहा नै छ। यसै नयाँ शिक्षा योजना अन्तर्गत तयार गरी पाठ्यक्रम अनुरूप लेखिएका पुस्तकहरूमध्ये यो पनि एउटा हो।

आजको विज्ञान र प्राविधिक ज्ञानको क्षेत्रमा भएको अभूतपूर्व उन्नतिले गर्दा विश्वका विकसित मुलुकहरूका मानिसहरूको जीवनस्तर धेरै माथि पुगिसकेको छ। त्यसैले हाम्रो मुलुकमा पनि सैद्धान्तिक र व्यावहारिक शिक्षाको खास गरेर व्यावसायिक शिक्षाको प्रचार व्यापक रूपमा गर्न नितान्त आवश्यक भएको छ। यसर्थ हाम्रा देशका सबै बालबालिकाहरू जीवनोपयोगी शिक्षा हासिल गरी आफ्नै खुट्टामा उभिन सक्ने होऊन्, अनुशासित बनी दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्था अनुरूप देशको सार्वभौमिकतालाई अक्षुण्ण राखी देशविकासको काममा प्रभावकारी योगदान दिन समर्थ होऊन् भन्ने उद्देश्यले यो पुस्तक र यस्तै तरीकाले लेखिएका अरू पुस्तकहरू पनि क्रमशः मुलुकका सबै बालबालिकाहरूलाई उपलब्ध गराइँदै छन्। यसबाट मुलुकका सबै बालबालिकाहरूले फाइदा उठाई आफूलाई चरित्रवान्, गुणी र स्वावलम्बी नागरिक बनाउन सकून्! यही मेरो हार्दिक कामना छ।

प्राक्कथन

परिवर्तन विकासको सोपान हो । देशको आर्थिक र सामाजिक विकास गरी जनताको जीवनस्तर माथि उठाउने श्री ५ महाराजाधिराज सरकारको सदिच्छानुसार देशमा चलेको र भविष्यमा चल्ने विभिन्न विकास कार्यहरूमा आवश्यक पर्ने देशभक्त, वफादार र अनुशासित जनशक्ति उत्पादन गर्ने उद्देश्यले शिक्षामा परिवर्तन गर्न आवश्यक परेको थियो ।

उपर्युक्त राष्ट्रिय आवश्यकता र आकाङ्क्षा पूर्तिको लागि श्री ५ को सरकारले २०२८ सालदेखि राष्ट्रिय शिक्षा योजना लागू गरेको छ । राष्ट्रिय शिक्षा योजनाले राष्ट्र र राष्ट्रियताप्रति आस्था जगाई राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने, पञ्चायती व्यवस्था अनुकूल आफ्नो अधिकार र कर्तव्यप्रति सजग र सक्रिय रहने नागरिक तयार गर्ने, आवश्यक प्राविधिक दक्षताको विकास गर्ने, विद्यार्थीलाई नैतिक, परिश्रमी र स्वावलम्बी तुल्याउने, उनीहरूको सिर्जनात्मक प्रवृत्तिको विकास गराउने र राष्ट्रभाषा, संस्कृति, साहित्य आदिको संरक्षण र संवर्द्धन गर्ने उद्देश्य लिएको छ ।

यी लक्ष्य अनुरूपका विद्यार्थीहरू तयार गर्नका लागि विद्यार्थीहरूको क्षमता र स्तर अनुकूलका उपयुक्त पाठ्यपुस्तकहरूको नितान्त आवश्यकता पर्दछ । पाठ्यक्रमको सफलता पाठ्यपुस्तकमा नै आधारित भएकोले पाठ्यपुस्तकहरूलाई सकभर अपेक्षित ढङ्गका बनाउन खोजिएको छ ।

श्री ५ को सरकारको शिक्षानीति अनुकूल वैज्ञानिक ढङ्गबाट प्राथमिक कक्षाका बालबालिकाहरूको लागि पाठ्यपुस्तकहरू तयार गर्ने अभिप्रायले स्थापना भएको जनक शिक्षा सामग्री केन्द्रबाट हाल श्री ५ को सरकारको राष्ट्रिय शिक्षा योजना, २०२८ अनुसार माध्यमिक तहसम्मका पाठ्यपुस्तकहरू तयार गराइने व्यवस्था भएको छ। प्रमुख विषयका सबै पाठ्यपुस्तकहरू तयार गराउने र छपाउने, यी पाठ्यपुस्तक तथा अन्य शिक्षण सामग्रीहरू नेपाल अधिराज्यका सम्पूर्ण शिक्षण संस्थाहरूमा बिक्री वितरण गर्ने, गराउने र पाठ्यपुस्तकहरूका उन्नतिका लागि अनुसन्धान कार्यलाई प्रोत्साहित गर्दै लैजाने यस केन्द्रका मुख्य उद्देश्यहरू हुन् । यही उद्देश्यानुरूप यो पुस्तक तयार गरिएको हो ।

महेन्द्र माला कक्षा ६ सर्वप्रथम २०३० सालमा प्रकाशित भएको हो र पछि केन्द्रद्वारा यो पुस्तक प्रकाशित गर्ने कार्य भयो । हाल श्री ५ को सरकारले पाठ्यपुस्तकहरूको परिमार्जन गर्न आवश्यक ठानेकोले शिक्षा मन्त्रालयको आयोजना र निर्देशनमा शिक्षाविद्हरूको परिमार्जन उप-समिति गठन भै उक्त उप-समितिद्वारा २०३८ को शैक्षिक सत्रदेखि लागू हुने परिमार्जित पाठ्यक्रम अनुसार परिमार्जन भएको पाण्डुलिपि पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रद्वारा प्राप्त गरी हाल प्रकाशित गरिएको छ ।

यस पुस्तकलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने काममा शिक्षाविद्हरूको सल्लाह र सुझाउको यो केन्द्र हार्दिक स्वागत गर्दछ ।

श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

विषय सूची

बालकै बालक	(कविता)	१
चम्किला तारा	(जीवन सम्बन्धी)	३
चार मित्र	(कथा)	८
रिस	(कविता)	१२
पत्रपत्रिका	(संवाद)	१४
प्रधान अध्यापकलाई निवेदन	(चिट्ठी)	१९
पृथ्वीको सपना	(कविता)	२२
पुरस्कार	(प्रवन्ध)	२५
वहादुर शाह	(जीवन सम्बन्धी)	२९
दूधको मानितो	(कथा)	३३
भानुभक्त र घाँसी	(संवाद)	३७
पाप लाग्छ	(कविता)	४३
परोपकार	(प्रवन्ध)	४६
शान्तिका दूत	(जीवन सम्बन्धी)	५१
राम्रो लुगाभन्दा मीठो खाना नै जाती	(विवाद)	५७
वसन्त कोकिल	(कविता)	६४
मान्छेको आयु	(कथा)	६६
मच्छिन्द्रनाथ	(प्रवन्ध)	७१
पितालाई चिट्ठी	(चिट्ठी)	७५
बालक ध्रुव	(कथा)	७८
इच्छा	(कविता)	८३
शिक्षाप्रेमी शंकरदेव	(प्रवन्ध)	८५
विजयपुरका बूढा सुब्बा	(लोक कथा)	८९
तेजवहादुर चित्रकार	(जीवन सम्बन्धी)	९५
रामायण	(कथा)	९८
देशको माटो रम्न सके	(कक्षागत गीत)	१०२

बालकै बालक

थिए बालक प्रल्हाद, ध्रुव ती बालकै थिए,
यौटा भए महाभक्त, अर्को तारा बना रहे ॥
सीताका दुइटा छोरा, लवले, कुशले पनि,
पारे चकित संसार शूरा, योद्धा स्वयं बनी ॥
अवतारी, चमत्कारी कृष्णका गर्नु के कुरा ?
शक्तिमा, बुद्धिमा साथै जुक्तिमा थे उनी पूरा ॥
जेम्सवाट थिए एक ज्यादै उत्सुक बालक,
बाफको शक्ति पैल्याए, खोले विज्ञानका पथ ॥
कवि बालकमै बन्ने हाम्रा लक्ष्मीप्रसाद ती,
असंख्य कविता लेखे, थिए काव्य-महारथी ॥
बालकमा सिद्ध योगो भए धेरै यहीं पनि,
ठूलो हुने उही नै हो, सानैमा हुन्छ जो गुणी ॥
हामी मध्ये पनि त्यस्तै हौंला बालक नै कति
भविष्यले बनाएमा म हुँ जडो, म हुँ बुटी ॥

शब्द र अर्थ

महाभक्त – ईश्वर वा देवताको ज्यादे भक्ति गर्ने ।
चकित – दङ्ग, छक्क ।
योद्धा – युद्ध गर्ने व्यक्ति, वीर, लडाका ।
स्वयं – आफैं ।
शूरा – आँटिलो, साहसी ।
अवतारी – असाधारण काम गर्ने, मानिसका रूपमा जन्मेका ईश्वर ।
चमत्कारी – अनौठो काम गर्ने ।
जडी – मुख्य ओखती ।
बूटी – झारपातबाट बनाएको ओखती ।
काव्य महारथी – प्रशस्त काव्य रचना गर्ने मानिस ।
उत्सुक – अत्यन्त इच्छा गर्ने ।

नमूना अभ्यास

१. ध्रुव कस्ता थिए र उनी के बने, बयान गर ।

२. कृष्ण कस्ता थिए, भन ।

३. जेम्सवाटले के गरे, बताऊ ।

४. कस्तो मानिस ठूलो हुन सक्तछ, लेख ।

५. तलका शब्दहरूको छुट्टाछुट्टै वाक्यमा प्रयोग गर
चमत्कारी । अवतारी । जुक्ती । वाफ । गुनी ।

६. व्याख्या गर
बालकैमा सिद्ध योगी भए धेरै यहीं पनि
ठूलो हुने उही नै हो, सानैमा हुन्छ जो गुणी ।

७. "बालक" कविता लय हालेर पाठ गर ।

८. तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर
प्रह्लाद, महाभक्त, तारा, चकित, जुक्ति ।

९. तल दिइएका शब्दहरू शुद्ध गरी लेख
चमट्कारी, अवटारी, बुद्धी, शक्ती, सीद्ध, गूणि, कती, भवीश्य, जडि, बुटि

चमकिला तारा

साहिला बाजेलाई केटाकेटीहरू असाध्यै मन पराउँथे । उनी केटाकेटीहरूलाई कहिले कथा कहिले कविता सुनाएर दङ्ग पार्थे । आज गाउँ खाने कथा भन्ने पालो थियो। यो कथा सुन्नेले सही उत्तर दिन नसकेमा कुनै एउटा गाउँ दिनुपर्छ । अनि मात्र सही उत्तर पाउन सकिन्छ । राजु, विनु र अरूण पहिले नै अगाडि आएर जमि-सकेका थिए । यत्तिकैमा साहिला बाजेले उठेर भने ।

दुइटा ओडार काला काला
त्यसमा दुइटा तारा
माथि झाँग छ तल झाडी
त्यो के हो त प्यारा ?

यो सुनेर सबै दङ्ग परे । आफू आफूमा यो होला कि त्यो होला कि भनेर एकछिन खासखुस पनि गरे । त्यत्तिकैमा राजु र बिनु उठेर एकै स्वरमा जवाफ दिए– आँखा । ठीक उत्तर दिएकाले साहिला बाजेले श्याबासी दिएर फेरि अर्को कथा हाले ।

सानो सानो नानी मेरी
फुर्के लायो धोती,
ऐय्या पार्ला होश राखे,
मुन्द्री लाउने लोती ।

यस पटक भने उत्तर दिन सबैलाई धौ धौ परयो । आखिर नानीहरूले साहिला बाजेलाई एउटा गाउँ नदिईकन सुखै पाएनन् । सबैको सल्लाहले माली गाउँ दिने निधो भयो । गाउँ पाएपछि साहिला बाजे पनि दङ्दास भए र जवाफ दिए– सियो ।

यो सुनेर सबै नानीहरू फुरुङ्ग हुँदै रमाई रमाई फेरि त्यही कथा भन्न थाले ।

सानो सानो नानी मेरी .....

अर्को दिन– साहिला बाजेले कविता सुनाउने र नानीहरूले एउटा खेल देखाउने पालो थियो । नानीहरू भन्थे– "पहिले कविता सुन्ने ।" साहिला बाजे भन्थे– "पहिले खेल हेर्ने ।" तर पछि खेल र कविता एकैपल्ट शुरू गर्ने सम्झौता भयो । नानीहरूले हिजो मात्रै विद्यालयमा स्काउट शिक्षकले सिकाएको परेड खेल्ने निधो गरेर लाम लागेर शुरू गरे– एक दुई, एक दुई,. .. .. ..दायाँ घुम, एक दुई, एक दुई.. .. .. ..बायाँ घुम.. .. .यो देखेर साहिला बाजेलाई पनि कविता फुरयो । उनी लय हालेर गाउन थाले–

ढरर ढम ढरर ढम
ढ्वाङ ठोक सारा !
आज जानु पर्छ नानी
देश निम्ति प्यारा ।

यसरी साहिला बाजेसँग बसेर खेल्दा केटाकेटीलाई समय बितेको पत्तै हुँदैन-थ्यो । साहिला बाजे पनि उनीहरूलाई खूब मनपराउँथे । केटाकेटीलाई कविता

सुनाउँदा सुनाउँदै एउटा पुस्तक नै तयार भएछ। त्यसरी तयार भएको पुस्तक "सुनको बिहान" हो।

साहिला बाजे खूब मनकारी थिए। कुनै बेला उनी त्रि-चन्द्र कलेजमा पढाउँथे। एक दिन तलब लिएर घर फर्कंदा मिठाई पसलमा पसेछन्। त्यहाँ उनले भएभरको पैसा अरूलाई मिठाई खुवाउँदैमा सकेछन्। अर्को एक पटक साहिला बाजे तलब लिएर घर जान भनी हिंडेछन्। बाटोमा माग्नेलाई अलि अलि दिंदा दिंदै बीचैमा सबै पैसा सकिएछ। भएको पैसा सकिएपछि आफूले लगाएको कोट समेत फुकालेर दिएछन्।

यसरी खर्च गर्न र बाँड्न पाएकोमा उनलाई साह्रै आनन्द लाग्थ्यो। सबैलाई भन्ने गर्थे–

"मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन"

साहिला बाजे सानैदेखि तीखो बुद्धि भएका मानिस थिए। उनी रानीपोखरी निरको दरबार हाईस्कूलमा पढ्थे। उनी पढाइमा ज्यादै जाँगरिला थिए। उनको प्रतिभा देखेर सबै शिक्षक अचम्म हुन्थे। पढाइमा तीक्ष्ण बुद्धि भएका हुनाले उनले एकै चोटी आठौं कक्षाबाट दशौं कक्षामा फड्का मारे। त्यसै वर्ष प्रथम श्रेणीमा प्रवेशिका (म्याट्रिक) परीक्षामा पास गरे। पछि पढ्दा पढ्दै बी. ए. बी. एल. सम्म पास गरे।

तो साहिला बाजे तिलमाधवका साहिला छोरा थिए। साहिला छोरा भएकोले छरछिमेकका मानिस उनलाई साहिला बाजे भनेर बोलाउँथे। घरमा पनि उनलाई साहिला नै भन्थे। उनको घर काठमाडौं डिल्लीबजारमा थियो। उनको जन्म पनि त्यहाँ भएको हो। तिहारको लक्ष्मीपूजाको दिन जन्मेका हुनाले उनको नाउँ लक्ष्मीप्रसाद भनी राखियो। बाबुआमाले उनलाई लक्ष्मीको प्रसाद ठानेर लक्ष्मीप्रसाद राखेका भए पनि पछि त उनी सरस्वतीको प्रसाद पो बन्न पुगे। 'हुने बिरुवाको चिल्ला पात' भने झैं उनले सानै उमेरदेखि आफ्नो खूबी देखाउन थाले। दश वर्ष पुग्दा नपुग्दै कविता लेखेर उनले सबैलाई छक्क पारिदिए।

यिनै साहिला बाजे लक्ष्मीप्रसाद देवकोटा हुन्। यी देवकोटा पछि ठूला मानिस बने। आशुकवि भएर रात दिन कविता लेख्दा पनि नथाक्ने भए। बूढाहरू

भन्छन्- उनी कवितामै कुराकानी गर्न सक्थे । कवितामै भाषण गर्न सक्थे । उनले धेरै पुस्तक लेखे । तो मध्ये "मुनामदन" भन्ने पुस्तक साह्रै मजाको छ । उनलाई नेपालीहरू कविताका चमकिला तारा भन्छन् । किनभने धेरै कविले गर्ने काम उनी एक्लैले गरेका छन् । हरेक वर्ष तिहारमा लक्ष्मीपूजाको दिन आउँछ । त्यस दिन हामी सबै देवकोटाको तस्वीरमा फलमाला चढाएर उनले गरेका कामको सम्झना गर्दछौं ।

शब्द र अर्थ

सही उत्तर – मिल्दो जवाफ, ठीक उत्तर ।
जमिसक्नु – स्थिर भएर बसिसक्नु ।
धौधौ पर्नु – मुश्किल पर्नु, गाह्रो पर्नु ।
सम्झौता – मेलमिलाप ।
परेड खेल्नु – कवाज खेल्नु ।
फुर्नु – मौकामा उपयुक्त विचार झट्ट आउनु ।
प्रतिभा – नयाँ विचार जन्माउन सक्ने खूबी ।
फड्का मार्नु – एउटा खुट्किलो छोडेर अर्को खुट्किलोमा चढ्नु ।
तीक्ष्ण बुद्धि – बुद्धिमान ।
आशुकवि – तुरुन्तै कविता लेख्न सक्ने कवि
खूबी – योग्यता, विशेषता

नमूना अभ्यास

१. साहिला बाजेसँग केटाकेटी किन रमाउँथे, लेख ।
२. "सुनको बिहान" कसरी तयार भएको हो, भन ।
३. साहिला बाजे तलब पाएका दिन बाटामा के गर्थे, बयान गर ।
४. 'हुने बिरूवाको चिल्लो पात' यस भनाइको तात्पर्य लेख ।

५. निम्न लिखित शब्दहरूबाट मिल्दो शब्द छानी दिइएका खाली ठाउँ भर

कविताहरू, लक्ष्मीपूजा, निरास, हुने बिरुवाको चिल्लो पात, लक्ष्मीप्रसाद, वी.ए. पास, हुरूक्क।

(क) उनले बाटाका माग्नेहरूलाई . . . . . पार्न चाहेनन् ।

(ख) यिनै साहिला बाजे . . . . . हुन् ।

(ग) यिनी . . . . . का दिन जन्मेका हुन् ।

(घ) साहिला बाजे भनेपछि केटाकेटीहरू . . . . . हुन्थे ।

(ङ) . . . . . भने झैं उनी सानैदेखि . . . . . लेख्थे ।

६. तलका शब्दहरू शुद्धसँग उच्चारण गर

तातो	टाटो
ताक	टाँक
तोक	टोक
तार्नु	टार्नु

७. तलका शब्दहरू शुद्ध गरी लेख

साहीला, पानी, सहि, सुनको वीहान, नानीहरू, कविता, शीक्षक, वीद्यालय, शंझौता, षुख ।

व्याकरण

हरि पाठशाला पढ्न गएको छ । झोलामा पुस्तक छन् । काठमाडौंमा धेरै मन्दिर छन् । पानी खाऊ । कलमले लेख ।

माथिका वाक्यहरूमा हरिले मानिसको नाम, पाठशाला, काठमाडौं र मन्दिरले ठाउँको नाम पुस्तक, पानी र कलमले वस्तुको नाम बुझाउँछन् ।

यसैले हरि, पाठशाला, काठमाडौं, मन्दिर, पुस्तक, पानी र कलम नाम हुन् ।

अभ्यास

यस पाठको अन्तिम अनुच्छेद पढ र कुन कुन शब्द नाम हुन्, लेख ।

चार मित्र

एकादेशमा एउटा व्याधा थियो । एक दिन त्यो शिकारको खोजमा वन-वन डुल्न थाल्यो । तर शिकारको कहीं केही पत्तो लागेन । आखिर निराश भएर भोकले रन्थनिंदै त्यो व्याधा घरतिर फर्कनं लागेको थियो । त्यति नै बेला उसले परबाट एउटा हरिण आफूतिरै आइरहेको देख्यो । हरिणलाई देखेर व्याधाले बाण हान्ने विचार गरचो र ऊतिर बाण छोडिहाल्यो । तर संयोगवश हरिणलाई नलागी त्यो बाण रूखको एउटा टोड्कामा ठूलो आवाज गरी लाग्न पुग्यो । हरिण त्यो आवाज सुनेर झसङ्ग भयो र स्वाँ स्वाँ गर्दै वनभित्र पस्यो । दौड्दा दोड्दै त्यो हरिण एउटा तलाउ नजीकै पुग्यो । त्यस तलाउनिर अघिदेखि नै काग, मूसा र कछुवा कुराकानी गरेर बसिरहेका थिए । हरिणलाई दौड्दै आएको देखेर काग उडेर रूखमा बस्यो, मूसो दूलोभित्र पस्यो र कछुवा पोखरीमा पस्यो । हरिणलाई पोखरीतिर आउन लागेको देखेर कागले भन्यो– कछुवादाइ, पानीबाट निस्क । तिर्खाएको हरिण पानी खान आएको रहेछ । कागको कुरो सुनी कछुवाले भन्यो – हेर साथी ! यो हरिण पानीको प्यासले होइन कि व्याधाको डरले भयभीत देखिन्छ । यसलाई पनि हामी आफ्नो साथी बनाऔं ।

काग रूखबाट ओर्लियो । कछुवा पानीबाट निस्क्यो र मूसो दूलोबाट बाहिर आयो । यत्तिकैमा हरिण पनि उनीहरूको नजीक आई भग्न थाल्यो –म व्याधाको

बाणबाट उम्केर आएको छु। ब्याधा मेरो पछि पछि आइरहेको होला। जसरी पनि मलाई ब्याधाले नदेख्ने ठाउँमा लुकाऊ। हरिणको कुरा सुनेर कागले भन्यो- हरिण दाइ, अब हामी चार जना मित्र भयौ। हामीले ब्याधाको डर मान्नु पर्दैन। हामी चार जनाले एक अर्काको सहायता र रक्षा गर्नु पर्छ। साँझ पर्न लाग्यो। अब हामी सबैजना घर जाऊँ अनि भोलिदेखि प्रत्येक दिन यहीँ जम्मा भएर मीठा मीठा कथा सुनौँला, सुनाउँला।

कागका कुरामा सबैको चित्त बुझ्यो। भोलिपल्टदेखि उनीहरू चारै जना त्यहीँ पोखरीनिर जम्मा हुन थाले। उनीहरू मीठा मीठा कथा हालेर दिन बिताउँथे।

एक दिन काग, कछुवा र मूसा पहिले नै पोखरीनिर आइपुगिसकेका थिए। हरिणको भने अत्तो पत्तो थिएन। मीठा मीठा कथा भन्ने समयसम्म पनि हरिणलाई नदेखेर तीनै जना साथीहरू चिन्ता गर्न थाले। यत्तिकैमा कछुवाले भन्यो- कागभाइ, तिमी वनको चारैतिर गएर हरिणको खोजी गर। ढिलो हिंड्ने हुनाले हामी बिस्तारै आउँदै गर्छौं।

कछुवाको कुरा सुनी काग हरिणको खोजीमा निस्क्यो। अलि पर पुगेपछि एउटा पोखरीको छेउमा हरिणलाई पासोमा परेको देख्यो। कागलाई देखेर हरिण रुन थाल्यो र भन्यो–कागभाइ, अब मेरो मृत्यु नजीकै आइरहेछ। सबै साथीहरूलाई मेरो नमस्कार भनिदिनू। यत्तिकैमा मूसो पनि त्यहीँ आइपुग्यो। मूसालाई देखेर हरिणको सास आयो। अब बाँचिने भयो भन्ने आशा गर्दै हरिण मूसालाई भन्न थाल्यो–"अब त्यो दुष्ट ब्याधा आइनपुग्दै मेरा गोडाको पासो काटिदेऊ, मूसा भाइ।" मूसाले भन्यो– हरे ! म आएपछि पनि ब्याधादेखि डराउनु पर्छ ?

यिनीहरूको कुरा चल्दा चल्दै कछुवा पनि त्यहीं आइपुग्यो। कछुवालाई देखेर कागले भन्यो– साथीहरू हो, दुष्ट ब्याधा यहाँ आयो भने म उडिहाल्छु, मूसाभाइ दूलोमा पसिहाल्छन् र हरिण पनि दौडिहाल्छन्। तर पानीमा बस्ने यो कछुवा जमीनमा के गर्लान् ? यिनको पो चिन्ता लागिरहेछ।

नभन्दै, कागले यति भन्दा भन्दै ब्याधा पनि टाढाबाट आइरहेको देखियो। ब्याधालाई देखेर मूसाले हत्तपत्त हरिणको पासो काटिदियो र आफू दुलोभित्र

पस्यो । हरीण पछाडि हेर्दै हेर्दै भाग्यो र काग पनि उडिहाल्यो । तर विचरा कछुवा भाग्न सकेन । हरिणलाई पासोभित्र नपाएर खिन्न भएको व्याधाले त्यही कछुवाले आफ्नो भोक टार्ने विचार गरचो । अनि कछुवालाई धागाले बेसरी बाँधेर आफ्नो काँधमा बोक्दै व्याधा घरतिर लाग्यो ।

आफ्नो मित्र कछुवालाई यसरी व्याधाले समाती घरतिर लैजान लागेको देखेर हरिण–"यस कछुवा समानको मित्र कहाँ पाउँला" भन्दै दुःखले विलाप गर्न थाल्यो । यसै बीच काग र मूसा पनि रुँदै, चिच्याउँदै त्यहीँ आइपुगे । हरिणले भन्यो– कछुवा दाइलाई बचाउने उपाय चाँडै बताइहाल । यो सुनी कागले भन्यो– यसो हो भने मैले भने अनुसार गर्नुपर्छ । हरिण दाइ, तिमी त्यस व्याधा हिड्ने बाटोमा कुनै पोखरीको नजीकै गइ मरे जस्तै गरी पल्ट र म बिस्तारै तिम्रो कान ठुंगे जस्तो गर्छु । व्याधाले कछुवालाई भूईंमा छोडी तिमीतिर लम्कने छ । त्यसै बीच भाइ मूसाले कछुवाको धागो काटिदिनू । त्यसपछि कछुवा दाइ छिटै पानीमा पसिहाल्नेछन् ।

कछुवालाई बचाउनको निम्ति तीनै ओटा साथी आ-आफ्नो सल्लाह अनुसार हिंडे । त्यस व्याधाले पोखरीको नजीकै कागले ठुंगिरहेको हरिणलाई देख्यो । दङ्ग परेर धागोले बाँधिएको कछुवालाई भूईंमा राख्दै हरिणतिर लम्क्यो । यसै बीच मूसाले कछुवाको धागो काटिदियो । कछुवा व्याधाको जालबाट उम्की नजीकैको पोखरीभित्र पस्यो । उता हरिण र काग पनि व्याधा नआइपुग्दै भागिहाले ।

शब्द र अर्थ

रन्थनिनु = चोट, ठक्कर आदिको वेदनाले बेहोश हुन खोज्नु
टोड्को = रूखमा धोत्रो लागेर खोपिल्टो परेको ठाउँ
भयभीत = डराएको
सास आउनु = आँट आउनु ।
विलाप गर्नु = दुःख प्रकट गरी रुनु

नमूना अभ्यास

१. हरिण किन स्वाँ स्वाँ गरी वनभित्र पस्यो, कारण दिई लेख ।

२. कागको के कुरामा सबैको चित्त बुझ्यो, लेख ।

३. हरिण किन विलाप गर्न थाल्यो, आफ्नै शब्दमा लेख ।

४. हरिण ¯काग र मूसाले कछुवालाई कसरी बचाए, बयान गर ।

५. यो कथाबाट के शिक्षा पायौ, भन ।

६. **तल दिइएका शब्दहरूलाई वाक्यमा प्रयोग गर**

पत्तो लाग्नु, भयभीत हुनु, सास आउनु, के गर्नु ?

भोक टार्नु, चिच्याउनु, सल्लाह, सुखपूर्वक ।

७. यस कथाको सारांश लेख ।

८. **तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर**

दर – डर

साथी – साठी

छोरी – छोडी

काट्नु – काट्नु

पत्ती – पट्टी

९. **तल दिइएका शब्दहरू शुद्ध गरी लेख**

आइपुगी सकेका, हरिण, साथि, मुसो,

पोखरी, मीत्र, टीम्रो, अटी, नजिकै, सीकार ।

रिस

रिस हो सबको शत्रु, रिसले सब नासिने
रिसैले उठ्छ झगडा, रिसैले सब मासिने ॥ १ ॥
रिसाहाको कुनै मित्र, रहँदैन जगद्भर
रिसाहासँगको मेल, हुन्छ त्यो डरको घर ॥ २ ॥
रिसको वशमा परी, कैयौंको धन सम्पति
उडेको देख्दछौं हामी, घुम्दैछन् ती यताउति ॥ ३ ॥
जति रिस गरयो उत्ति, बढी आउँछ त्यो अति
विग्रँदै जान्छ त्यसले, सदा मानिसको मति ॥ ४ ॥
आखिर रिसको वेग, थामिसक्नु नभैकन
रिसाहालाई सहजै, थाल्छ भित्रै जलाउन ॥ ५ ॥
तस्मात् नगर्नु कहिल्यै, रिस मानिसले कसै
क्षमाशील बने गिल्छ, सुख शान्ति जतातते ॥ ६ ॥
क्यै गरो रिसको वेग उठेमा धैर्य लोकन
यताउति, विचारेर, चूप भै बस क्यै क्षण ॥ ७ ॥

शब्द र अर्थ

जगत्भर– संसारभर ।
मेल – मिलाप ।
वश – अधीन ।
सदा – सधैं, जहिले पनि ।
सहजै – त्यसै, सजिलैसँग ।
तस्मात् – त्यसैले ।
क्षमाशील– सहने बानी भएको, सहन सक्ने ।
वेग – जोड, जोर ।
धैर्य –संकट वा कठिनाइका समयमा मनमा लिइने स्थिरता, शान्ति ।
क्षण –छिन, थोरै बेर ।

नमूना अभ्यास

१. रिसलाई किन सबैको शत्रु भनिएको हो, बयान गर ।

२. रिसाहाको मित्र संसारमै रहँदैन, कारण दिई लेख ।

३. किन कहिल्यै रिस नगर्नु भनिएको हो, बयान गर ।

४. तलका शब्दहरूको अर्थ लेखी छुट्टाछुट्टै वाक्यमा प्रयोग गर

(क) मेल (ख) चूप (ग) सुखशान्ति (घ) मति (ङ) रिसको वेग

५. व्याख्या गर

क्षमाशील बने मिल्छ, सुख शान्ति जतातै ।

६. "रिस" कविता लय मिलाएर पाठ गर ।

७. तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर

झगडा, मित्र, जगद्भर, सम्पत्ति, मति

८. तल दिइएका शब्दहरू शुद्ध गरी लेख

सत्रु, नासीने, हामि, यटाउती, अती, मती, आखीर, शान्ती, वीचारेर, चुप

पत्रपत्रिका

माधव – कता हो गोविन्द ? स्कूलबाट भरखरै घर फर्कंदैछौ कि कसो ?

गोविन्द – हरिकहाँ गएर आउँदैछु । आफूलाई स्पष्ट नभएका विषय छलफल गरेर आएको, बुझ्यौ माधव ? छलफल गरेपछि ज्यादै छर्लङ्ग हुँदो रहेछ ।

माधव – म त साँझ पर्न लाग्यो, अनि पत्रपत्रिका हेरूँ भनेर निस्केको ।

गोविन्द – पत्रपत्रिका हेर्नाले पढाइमा फाइदा हुन्छ र ? मेरो त हेर्ने बानी पनि छैन, केही फाइदा होला जस्तो पनि लाग्दैन ।

माधव – ओहो, गोविन्द ! तिम्रो यो विचार त ठीक भएन । पाठ्यपुस्तकले आफ्नो सीमाभित्रको ज्ञान मात्र दिन्छ । (त्यसै बेला गोरखापत्र बेच्दै हिंडेको एउटा ठिटो आउँछ, माधव गोरखापत्र किन्छ ।) यो गोरखापत्र हाम्रो देशको प्रसिद्ध समाचार पत्र हो । यसमा देशभित्रको साथ-

साथै संसारका कुना–कुनाको खबर पनि हुन्छ, हेरन । त्यस मध्ये पनि विभिन्न ठाउँमा घटेका अनौठा घटनाहरू पढ्न त साह्रै रमाइलो हुन्छ । पत्रिका भन्नेबित्तिकै मेरो आँखा त सबभन्दा पहिले त्यतैतिर पुगिहाल्छ ।

गोविन्द – आम्मै ! पत्रिकामा त्यस्ता अनौठा कुराहरू पनि हुन्छन् र, माधव । अखबार भनेको त राजै निस्कने, नचाहिंदो खबर भरिएको पत्र हुन्छ, अलि अलि पढ्यो, फालिदियो, यतिभन्दा बढ्ता यसको काम केही छैन भन्ने पो ठानेको थिएँ त । के साँच्चै अखबार कामलाग्ने कुरा हो त माधव ?

माधव – अवश्य हो ! किनभने यसमा धेरै कुराहरू हुन्छन् । पहिले दैनिक पत्र लिऔं । यसमा कामलाग्दा धेरै कुराहरू हुन्छन् । पहिलो कुरा त जहिले पनि आजैको ताजा विषय, खबरहरू, लेख आदि पढ्न पाइन्छ । दोस्रो, सम्पादकीय लेख त्यस पत्रको मुख्य अंश मानिन्छ । तेस्रो, सम्पादकीय टिप्पणीमा अघिल्लो दिनको जरूरी कुराको बारेमा त्यस पत्रले आफ्नै ढङ्गको विचार प्रकट गरेको हुन्छ । चौथो, विज्ञापन खण्डबाट काम र पेशाको चर्चा र आफूलाई रुचि लाग्ने विषयबारे बुझ्न पाइन्छ । पाँचौं, खेलसम्बन्धी, मौसमसम्बन्धी र आवश्यक गुनासोका चिठी जस्ता कामलाग्ने विषयहरू पढ्न पाइन्छन् ।

गोविन्द – तर, तिमीले जे भने पनि एउटा कुरा माधव ! पत्रपत्रिकाले कहिले कहिले त भए नभएका कुरा फलाकेर पाठकलाई नै अलमल र अन्यो-लमा पनि त पारिदिन्छन्, हैन त ? त्यति मात्र होइन, त्यस्ता असत्य, अपुष्ट समाचारले गर्दा कति मानिसको कति प्रकारको नोक्सान पनि त हुन्छ नि । त्यसकारण हुन त पत्रिकाबाट अवश्य फाइदा छ तर ती पनि हेरी हेरी छानी छानी पढ्नु पर्ला, कसो हो ?

माधव – त्यो त अवश्य हो । केवल पत्रपत्रिकाकै मात्र भर पर्नु भन्ने भनाइ त मेरो पनि हैन । त्यति हुँदा हुँदै पनि हेर गोविन्द ! अस्ति मैले किताबको कीरो भन्दाखेरि तिमी रिसाए जस्तो लाग्यो । खाली पाठ्यपुस्तकका

विषय मात्र खूब राम्ररी आउने गरी पढेर त स्कूल, क्याम्पसमा चाहिने स्तर मात्र राम्रो हुन्छ, तर समाजमा बसेर गर्नु पर्ने काममा भने त्यस्ताको स्तर राम्रो हुँदैन । किताबका कुरा मात्र जान्नु र व्यवहारका कुरा नजान्नु नै किताबको कीरो हुनु हो । विभिन्न पत्रपत्रिका पढ्ने बानी गरचो भने मात्र किसिम किसिमका विचार दिमागमा भरिन्छन् । अनि त्यसैको आडले छिटो छरितो र योग्य भई कोही भन्दा कम हुनु पर्दैन ।

गोविन्द – तिमीले भनेको त ठीकै हो माधव, तर अहिले हाम्रो लागि निर्धारित पाठ्यपुस्तकहरू पनि त विभिन्न विचारले भरिएका छन् नि । अनि आफ्नो रुचि अनुसार पढ्दै जानको लागि के कुराको कमी छ र ? तिमीले भने जस्तो एकातिर आफ्ना पाठ्यपुस्तकहरू पनि पढ्दै जाने, अर्कोतिर पत्रपत्रिका पनि हेर्दै जाने गर्नु नै उपयुक्त होला ।

माधव – पाठ्यपुस्तक नपढेर पत्रपत्रिका मात्रै पढ्नु भन्ने मेरो भनाई हैन । आफ्ना पाठ्यपुस्तकका अतिरिक्त पत्रपत्रिका हेर्ने बानी गर्नुपर्छ मात्र भन्न खोजेको हुँ । अखबारले हरेक घटना सम्झाएर संसारका सबै थोकसँग परिचय गराइराख्छ। हामीलाई हाजिर जवाफ प्रतियोगिताका प्रश्नहरूको ठीक उत्तर दिनलाई पनि अखबार हेर्ने बानीले असाध्यै मद्दत दिन्छ । अनि राष्ट्रिय र अन्तरराष्ट्रिय घटना जान्न पाइने, रमाइला रमाइला खबरहरू पढ्न पाइने हुनाले पत्रपत्रिका हेर्ने बानी मलाई त निक्कै मन पर्छ बा !

गोविन्द – यसमा त मलाई पनि चित्त बुझ्यो । तर एउटा कुरा के भने, एक त पैसा खर्च भइरहने, अर्को कुरा पढ्न, लेख्न छोडी कता पत्रिका खोज्न दगुर्ने ? 'काम कुरो एकातिर, कुम्लो बोकी ठिमीतिर' जस्तो पो होला कि कसो हो, माधव ?

माधव – त्यसो नभन गोविन्द ! अब त पत्रपत्रिका अध्ययन गर्नु पढाइको एक प्रमुख अङ्ग नै हुन लागिसक्यो । त्यसैले हाम्रो पुस्तकालयमा पनि कति किसिमका पत्रपत्रिका झिकाइएका छन् । हेरन ! बरू स्थानीय र बाहिरी उपयोगी पत्रपत्रिका विद्यालयका पुस्तकालयमै पाइने हुनाले

हामीलाई पैसाको खाँचो किन भो र ?

गोविन्द – ठीक भन्यौ माधव ! ठीक । अबदेखि म पनि आफ्नो पाठ तयार गरेर बचेको समयमा पत्रपत्रिका हेर्ने बानी गर्छु । अहिले जाउँ पनि ।

माधव – म पनि त त्यसै गर्छु नि । ल अहिले जाउँ । नमस्कार । फेरि भेटौंला ।

अभ्यास

शब्द र अर्थ

घटना – अचानक भएको र परिआएको कुरो

सम्पादक – कुनै पत्रिका आदिका लेखलाई आवश्यक थपघट गरी प्रकाशनका लागि उपयुक्त बनाउने व्यक्ति

सम्पादकीय – कुनै विषय वा घटनामाथि आफ्नो विचार व्यक्त गरी सम्पादकले लेखेका लेख

विज्ञापन – जानकारी दिनु, सूचित गर्नु, प्रचार गर्नु

स्तर – दर्जा, तह, श्रेणी

नमूना अभ्यास

१. पत्रपत्रिका हेर्नाले के के फाइदा हुन्छ, बयान गर ।

२. पत्रपत्रिका नपढी पाठ्यपुस्तक मात्र पढ्नाले के बेफाइदा हुन्छ, आफ्नै शब्दमा लेख ।

३. गोविन्दको विचारमा निर्धारित पाठ्यपुस्तकहरू कस्ता छन्, लेख ।

४. तल दिएका शब्दहरूलाई वाक्यमा प्रयोग गर

(क) अखबार (ख) अवश्य (ग) दैनिक पत्र (घ) बानी (ङ) पुस्तकालय (च) नमस्कार

५. माथिको सम्वादलाई एक जना माधव र एक जना गोविन्द बनी पालैपालो गरी सस्वर पढेर सुनाऊ ।

६. तल दिएका शब्दहरू शुद्धसँग उच्चारण गर र फरक अर्थ बताऊ

टोप – तोप

कोट -कोत

टार -तार

७. तल दिइएका शब्दहरू शुद्ध गरी लेख

पट्रीका, केहि, मानीष, वीचार, आफ़, टीप्पनि, त्यसकारन, सहायटा, कीताब, वाहिरि

व्याकरण

(क) राम चलाख छ। ऊ मिहिनेती पनि छ।

(ख) हरिले श्यामलाई भन्यो- तिमी घर जाउ।

(ग) हरि, गोपाल र म फुटबल खेल्न गयौं। हामी बजार पनि गयौं।

माथिका वाक्यहरूमा

(क) 'राम चलाख छ। उ मिहिनेती पनि छ।' भन्दा पछिल्लो वाक्यमा रामको सट्टामा ऊ आएको छ।

(ख) 'हरिले श्यामलाई भन्यो- तिमी घर जाऊ" भन्दा पछिल्लो वाक्यमा श्याम-को सट्टामा तिमी आएको छ।

(ग) 'हरि, गोपाल र म फुटबल खेल्न गयौं। हामी बजार पनि गयौं।' भन्दा पछिल्लो वाक्यमा हरि, गोपाल र म को सट्टामा हामी आएको छ।
यसरी नामको सट्टामा आएको ऊ, तिमी र हामी सर्वनाम हुन्।

अभ्यास

तल दिइएका वाक्यहरूमा सर्वनाम शब्द कुन कुन हुन् ?

पाठ्यपुस्तक नपढेर पत्रपत्रिका मात्रै पढ्नु भन्ने मेरो भनाइ छैनन्। आफ्नो पाठ्य-पुस्तकको अतिरिक्त पत्रपत्रिका हेर्ने बानी गर्नुपर्छ मात्र भन्न खोजेको छु। हामीलाई हाजिर जवाफ प्रतियोगिताका प्रश्नहरूको ठीक उत्तर दिनलाई पनि अखबार हेर्ने बानीले असाध्यै मदत दिन्छ।

प्रधान अध्यापकलाई निवेदन

श्रीमान् प्रधानाध्यापकज्यू,
भानु माध्यमिक विद्यालय,
ताप्लेजुङ, मेची अञ्चल, नेपाल ।

मितिः २०३८।४।२२।
.....
.....

विषय :– निःशुल्क पढ्न पाउँ भन्ने बारे ।

महोदय,

म कक्षा ५ को परीक्षामा सर्वप्रथम भई कक्षा ६ मा प्रवेश भएको कुरा श्रीमान्मा अवगत छँदैछ । तर पनि घरको आर्थिक अवस्था कमजोर भएकोले पढाइमा बाधा पर्छ । पिताको जागीर छैन । खेतीपातीको नाममा सानो एक टुक्रा बारी बाहेक आमदानीको अरू कुनै बाटो छैन । काम गरेर कमाएको ज्यालाबाट निर्वाह चलेको छ ।

हाम्रो गाउँका प्राथमिक विद्यालयहरूमा शिक्षकको अभाव छ त्यसैले एस. एल. सी. परीक्षा उत्तीर्ण भए पछि प्राथमिक विद्यालयमा काम गर्ने मेरो ठूलो धोको छ । यसैलाई मैले आफूले गर्न सक्ने देश सेवा सम्झेको छु ।

यस विद्यालयमा भर्ना भएदेखि निःशुल्क पढ्दै आएको पनि हूँ । यस वर्ष पनि निःशुल्क पढ्न पाउनको लागि निवेदन गर्दछु । यसको निम्ति विद्यालय-समय भन्दा पहिले नै आई विद्यालयको हाता र कक्षा-कोठाहरू सफा गर्ने, फूल लगाउने, पानी हाल्ने र बगैंचाको हेर विचार गर्ने जस्ता काम गर्न समर्थ भएको कुरा पनि निवेदन गर्दछु । मलाई आफ्नो लक्ष्यमा अघि बढ्नको लागि अवश्य पनि मद्दत हुनेछ भन्ने आशा गर्दछु ।

यस अवसरलाई आफूले सकेसम्म मिहिनेत गरी सदुपयोग गर्ने छु भन्ने विश्वास दिलाउन चाहन्छु ।

आज्ञाकारी छात्र
श्याम तामाङ
कक्षा ६
क्रम संख्या– १

शब्द र अर्थ

अवगत – थाहा

आर्थिक – धन सम्पत्ति सम्बन्धी

निर्वाह – जेनतेन टार्नु ।

निःशुल्क – फिस तिर्नु नपर्ने ।

आज्ञाकारी – आज्ञा पूरा गर्ने, आदेश मान्ने ।

नमूना अभ्यास

१. श्यामको निवेदन पढी त्यसमा भनिएका मुख्य मुख्य कुरा आफ्नै शब्दमा लेख ।

२. बिरामी भई विद्यालय जान नसकेको कारण दर्शाई आफ्ना कक्षा शिक्षकलाई निवेदन लेख ।

३. आफ्ना भाइलाई कक्षा ४ मा भर्ना गर्नको निम्ति प्रधानाध्यापकलाई एउटा निवेदन लेख ।

४. तल दिइएका शब्दहरू शुद्ध सँग उच्चारण गर

सर्वप्रथम, अवगत, आर्थिक, हाता, लक्ष्य

५. तल दिइएका शब्दहरू शुद्ध गरी लेख

नीवेदन, परिक्षा, खेतिपाटी, ढोको, कोथा, उत्तिर्ण, बातो, नी शुल्क, हुनेछ, वीश्वास ।

व्याकरण

(क) म जान्छु – हामी जान्छौं ।

(ख) तँ जान्छस् – तिमी जान्छौ ।

(ग) रामे जान्छ – त्यो गयो ।

माथिका वाक्यहरूमा म, हामी उत्तम पुरुष हुन् । तँ, तिमी मध्यम पुरुष र यो, त्यो प्रथम पुरुष हुन् ।

अभ्यास

१. तलका वाक्यहरूमा पुरुष अनुसार क्रियापदहरू मिलेका छैनन्, मिलाएर लेख

(क) हामी सिनेमा हेर्दछु ।

(ख) यो काम गर्छन् ।

(ग) सीता गयो होला ।

(घ) तिमीहरू भात खा ।

२. तलका वाक्यहरूमा चिनो लगाइएका शब्दको पुरुष छुट्ट्याऊ

(क) म कक्षा ५ को परीक्षामा सर्वप्रथम भई कक्षा ६ मा प्रवेश भएको कुरा श्रीमानुमा अवगत छँदैछ ।

(ख) हाम्रो गाउँका प्राथमिक विद्यालयहरूमा शिक्षकको अभाव छ ।

पृथ्वीको सपना

झुल्क्यो प्रभात, झलल्ल्ल हिमाल झल्क्यो
पाहाडको शिखरमा नव कान्ति टल्क्यो ।
ब्यूँझे झल्याँस्स पृथ्वी दरबारभित्र,
आँखा अगाडि उभियो सपना सचित्र ।

गोर्खालिकी भगवती मनकामनाले
होई स्वयं प्रकट, आसिक यो दिइन् रे !

पृथ्वी ! तिमी अघि सरी जुन काम गछौं
पूरा हुनेछ सजिलै किन अल्मलिन्छौ ?

आफ्नो अठोट अब पूर्ण गराइछाड्छु,
सानातिना सकल राज्य जुटाइछाड्छु ।
भन्दै मसक्क मनले कसिएर पृथ्वी
थाले बनाउन स्वयं नव–योजना ती ।

हामी परस्पर जुधी छरिँदा खिइँदा
केही नगर्न सकि उन्नति, झोक्रिइँदा ।
पक्कै हिमालमुनिका लघु राज्य नाना
भोली कलातिर हुनन् अरूका खजाना ।

को पुज्न सक्तछ यहाँ परचक्रि–पाऊ ?
को पार्न सक्छ मुटुमा परतन्त्र घाऊ ?
तस्मात् उठाउँछु खुँडा सब भाइ जोड्छु
यौटै महामुलुकको रचना म गर्छु ।

त्यो कामना फलिगयो जनता मिलाई
नेपालको झिलिमिली पृथिवी उदाई ।
छौं आज जो, जति, यहाँ सब एक नै छौं
जो गर्दछौं मुलुककै हित निम्ति गछौं ।

शब्द र अर्थ

पृथ्वी – श्री ५ बडामहाराज पृथ्वीनारायण शाह
प्रभात – बिहानी
शिखर – चुचुरा
नव – नयाँ
कान्ति – उज्यालो, प्रकाश
सचित्र – तस्वीरसहितको
आसीक – आशीर्वाद
लघु राज्य – सानातिना राज्य

खजाना – सम्पत्ति

परचक्री – पराइ मानिस

परतन्त्र – पराइको अधीन

नमूना अभ्यास

१. मनकामनाले पृथ्वीनारायण शाहलाई सपनामा के आसीक दिइन्, लेख ।

२. पृथ्वीनारायण शाहले साना साना राज्यलाई एउटै राज्यमा मिलाउने अठोट गर्नाका कारणहरू के के हुन्, आफ्नै शब्दमा लेख ।

३. पृथ्वीनारायण शाहले परचक्री पाऊ भनेर के भन्न खोजेका हुन्, बयान गर ।

४. तलका शब्दहरूको अर्थ लेखी छुट्टाछुट्टै वाक्यमा प्रयोग गर

(क) सचित्र (ख) परतन्त्र (ग) खजाना (घ) कामना (ङ) परचक्री

५. व्याख्या गर

छौं आज जो जति यहाँ सब एक नै छौं ।
जो गर्दछौं मुलुककै हित निति गछौं ॥

६. "पृथ्वीको सपना " कविता – लय मिलाएर पाठ गर ।

७. तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर

प्रभात, झल्याँस्स, सचित्र, परस्पर, पूर्ण ।

८. तल दिइएका शब्दहरू शुद्ध गरी लेख

हीमाल, कान्ती, पृथ्वि, आसिक, पुरा, अठोत उन्नती, लघू, भोली, मूलूक ।

पुरस्कार

पुरस्कार दिनु भनेको हौसला बढाउनु हो। हौसला बढाउनु भनेको कसैलाई झन् झन् बढी राम्रो गरोस् भनी आँट बढाई दिनु हो। पुरस्कार धेरै किसिमका हुन्छन्। प्रशंसा, पदक, तारीफ, ताली र स्याबासीहरू पुरस्कारका भिन्नाभिन्नै नाम हुन्। पुरस्कारलाई इनाम पनि भन्दछन्। जुन किसिमको इनाम पाउनु पनि पुरस्कार पाउनु हो।

जाँचमा पहिला हुनेले पुस्तक पाउँछन्। खेलकूदमा अग्गा हुनेले कप पाउँछन्। त्यसै गरी आफ्नो काममा विशेष सफलता पाउनेहरूलाई केही न केही दिएर हौस्याउने हाम्रो चलन छ। खेतीमा प्रशस्त पसीना काढेर सबैको भन्दा धेरै बाली उब्जाउने किसान होस् कि राम्रो कविता लेख्ने कवि होस्, पञ्चायतमा इमान्दारी साथ काम गर्ने पञ्च होस् वा जागीरमा कत्ति ठगठाग नगरी काम गर्ने कर्मचारी होस्, सबैले हौसला पाएको समाचार हामीले बारबार सुनेका छौं।

हौसला दिनुको उद्देश्य त उही हो, तर रूप भने थरीथरीको हुन्छ। केटाकेटीले राम्रो अक्षर लेखे भने 'श्याबास!' भनेर धाप दिइन्छ। कसैले चित्त बुझ्ने भाषण गरेको सुनेमा श्रोताहरू ताली बजाएर हौसला दिन्छन्। राम्रो काम गर्नेलाई आदर पत्र अथवा प्रशंसा पत्र दिने चलन पनि छ। कुनै सम्मेलनमा पहिला, दोस्रा हुनेले सुन, चाँदीका पदक पाउँछन्। राम्रो काममा विशेष सफलता देखाउनेहरूलाई श्री ५ महाराजाधिराज सरकारबाट गोरखा दक्षिण बाहु, त्रि–शक्तिपट्ट, नेपाल–तारा आदि विभिन्न विभूषणहरू प्रदान गरी पुरस्कृत गरिबक्सन्छ। कसै कसैले नगद पुरस्कार पनि पाउँछन्।

अनुशासित रूपमा शिक्षा दिएर सबभन्दा धेरै संख्यामा विद्यार्थी पास गराउने विद्यालयलाई र विद्यालय र महाविद्यालयका राम्रो काम गर्ने शिक्षकहरूलाई पनि नगद पुरस्कार दिइन्छ। यसै गरी एस. एल. सी. परीक्षामा प्रथम श्रेणीमा सबभन्दा धेरै अङ्क ल्याई उत्तीर्ण हुने दश जना विद्यार्थीहरूलाई दुई वर्षसम्म मासिक छात्र-वृत्ति दिइन्छ। यसका साथै उक्त परीक्षामा सबभन्दा बढी अङ्क ल्याउने तीन जना छात्राहरूलाई श्री ५ मुमा बडामहारानी सरकारबाट रत्न विद्या पदक प्रदान गरी पुरस्कृत गरिबक्सन्छ।

माथि नै भनियो, पुरस्कार भनेको हौसलाको विषय हो। यो आर्थिक लाभको मात्र होइन। सम्मानको समेत कुरा हो। प्रशंसा पत्र, पदक वा छात्रवृत्ति जे सुकै पाए पनि पाउनेले आफ्नो प्रतिभा र परिश्रमको कदर भएको अनुभव गर्छ। आफ्नो काममा अझ बढी मन दिइन्छ। अरूलाई पनि यसबाट प्रेरणा मिल्छ।

शब्द र अर्थ

हौसला – आँट, प्रोत्साहन

पदक – तक्मा

श्रोता – सुन्ने मानिस

विभूषण – तक्मा
नगद – दाम, पैसा, रूपैयाँ
अनुशासित – नियम काइदामा रहेको
कदर – आदर, तारीफ

नमूना अभ्यास

१. पुरस्कार दिनाको उद्देश्य के हो, लेख ।

२. विद्यार्थीहरूले पाउने विभिन्न किसिमका पुरस्कारको बयान गर ।

३. श्री ५ महाराजाधिराज सरकारबाट बक्सने विभूषणहरूको नाम लेख ।

४. तल दिइएका विषयमा १०० शब्दमा नबढाई प्रबन्ध लेख

(क) जात्रा (ख) सरस्वती पूजा

५. तल दिइएका शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर

(क) हौसला (ख) सर्वोत्तम (ग)स्वार्थरहित (घ) जोखिम (ङ) पदक (च) अस्मेल ।

६. तल दिइएका शब्दहरू फरक फरक अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर

तातो – टाटो
ताक – टाँक
तोक – टोक
तार्नु – टार्नु

७. तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर

आँट, आदरपत्र, सर्वोत्तम, वितरण, प्रोत्साहन ।

८. तल दिइएका शब्दहरू शुद्ध गरी लेख

पूरस्कार, बधाउनू, स्यावाश, प्रषेशा, शन्तोस, रास्त्रीय, अनुसाषित, स्वार्थरहीत प्रोत्साहाट, तारीफ

म जान्छु । बालकहरू खेल्छन् । तिमीहरू पढ्छौ । घोडा हिंड्छ । हामीले चिठी लेख्यौं । माथिका वाक्यहरूमा "म" ले जाने काम, "बालकहरू"ले खेल्ने काम, "यिनीहरू" ले पढ्ने काम, "घोडा" ले हिंड्ने काम र "हामी" ले चिठी लेख्ने काम गरेर कुरा पूरा गर्दछन् । त्यसैले जान्छु, खेल्छन्, पढ्छौं, हिंड्छ र लेख्यौं क्रियापद हुन् ।

अभ्यास

तल दिइएको अनुच्छेदबाट क्रियापदहरू छानी कापीमा लेख

पुरस्कार पाएर घमण्ड गर्नु हुँदैन । यो राम्रो कामको लागि गरिने कदर हो । यसबाट आफूले अझै राम्रो काम गरेर अरूलाई पनि राम्रो काम गर्न प्रोत्साहित पार्नु पर्छ । कर्तव्य गर्दागर्दै पनि असल कामको कदर भएमा प्रोत्साहन मिल्छ । काम गर्दा स्वार्थरहित हुने बानी बसाल्नु पर्छ । आफ्नो कर्तव्य संझी काम गर्दा मनमा सन्तोष हुन्छ । आत्मबल पनि बढ्छ ।

बहादुर शाह

पृथ्वीनारायण शाहका कान्छा छोरा बहादुर शाह नेपालीले कहिल्यै बिर्सन नहुने व्यक्ति हुन् । उनले टुक्रिएको नेपाललाई एउटै बनाउने काममा जीउज्यान नै अर्पेका थिए। बडामहाराज श्री ५ पृथ्वीनारायण शाहको विचार, इच्छा र राजनीति-लाई सही रूपमा बुझ्नेहरूमा उनी नै मुख्य थिए । बुवाको इच्छा पूरा गर्न उनले आफू उमेरदार भएदेखि लगातार कोशिश गरिरहे । बाबुको शेषपछि पनि राजकाजमा झन् बढी जिम्मेवारी उनको काँधमा आइलाग्यो । यसरी बहादुर शाहले बुवा पृथ्वी नारायण शाहले जस्तै बाँचुन्जेल नेपाल र नेपालीका लागि लडाईं र उन्नतिको काम गरेर जीवन बिताएका थिए ।

बहादुर शाह दाजुभाइमा कान्छा थिए। तर पनि उनी बाबुका दाहिने हात झैं थिए । उनी वीर थिए । जेठा दाजु सिंह प्रताप शाह युवराज भएर पनि शान्त स्वभावका थिए । उनलाई राजकाजभन्दा बढी विद्या अध्ययनमा रुचि थियो । त्यसैले राज्यको राम्रो बन्दोबस्त र देशको लागि लडन्त भिडन्तको काममा पनि बहादुर शाहले नै लाग्नु परयो । उनी यसमा सिपालु थिए, सफल पनि भए । राजाबाट हुकुम भयो अथवा राजकाजको भित्री काम फुर्सत भयो भने उनी देशको सिमाना बढाउने काममा लागिहाल्थे ।

बहादुर शाह बुवा पृथ्वीनारायण शाह मात्र होइन, दाजु सिंह प्रताप शाह र भतिजा रणबहादुर शाहका पालाभरि पनि राष्ट्रको सेवा गर्ने काममा पछि हटेनन् । पृथ्वी नारायण शाहले केही स-साना राज्यहरूलाई एउटै राज्यमा गाभेका थिए तापनि त्यति बेला अरू साना राज्यहरू विशाल नेपाल राज्यमा गाभिन बाँकी नै थियो । बहादुर शाहकै पौरखले ती साना राज्यहरू मिली आज विशाल नेपालको एउटा अङ्ग बनेका हुन् । उनले तिब्बतसित पनि दुई पल्ट लडाईं गरी केरुङसम्म विजय गरेका थिए । चीनसँग लडेर आखिर उसलाई पनि मिलापत्र गर्न कर लगाए । उनैको प्रयत्नले अंग्रेजजस्तो बलियो दुश्मनसँग नेपालको मितेरी भयो । उनका पौरखले त्यति बेला धेरै ठूला ठूला काम र सुधारहरू भएका थिए । जग्गा जमीनको नापी नक्शा गर्ने काम त्यसै ताकदेखि शुरू भएको

हो। फौजी तालीमको शुरूआत उनकै विचारको उपज थियो। हात हतियार बनाउन जान्ने मानिसलाई बाहिरैबाट भए पनि झिकाएर तालीम दिने, कारखानाहरू चलाउने जस्ता कामहरू उनकै सुझ-बुझबाट भए। साथै उनले सिक्किम भन्ने देशको दक्षिण पश्चिमका केही जमीन र तनहुँ राज्य समेत जितेर नेपालमा मिलाएका थिए।

यिनकै बन्दोबस्तमा अंग्रेजका हातका सुगौला र अल्मोडा जितिएर नेपाल राज्यमा मिलेका थिए। बहादुर शाहले नायव पदमा बसेर राजाको वारिस बनी राजकाज चलाए।

पश्चिमका राज्यहरूमा सबैभन्दा बलियो पाल्पा थियो। पाल्पासँग नेपालको धेरै समयसम्म जोड-तोड पर्‌यो। त्यसै बीच केरुङतिर लड्न जानु पर्ने भयो। त्यसैले नेपाललाई "पाल्पाली राजासँग हामी सन्धि गर्न राजी छौं" भनेर लेखी पठाउन कर लाग्यो। तर पाल्पाली राजाले पनि अड्को थापे। उनले बहादुर शाहले आफ्नी छोरीसँग विहा गर्न राजी भए मात्र सन्धि गर्ने जवाफ दिए। बहादुर शाह विवाह-बन्धनमा बाँधिएर देशका लागि काम गर्नबाट हट्न त चाहँदैनथे तर पाल्पालीसँग सन्धि गरेमा आफ्नो देश बढी बलियो हुने देखेर उनी विहा गर्न राजी भए खुशीले त होइन, करले। २८ वर्षका उमेरमा पाल्पाली राजकुमारीसँग उनको विवाह भयो।

बहादुर शाहको जन्म वि. सं १८१४ मा भएको हो र ४० वर्षको छोटो उमेरमा उनी मरे। मर्नुभन्दा अगाडि सम्ममा उनले नेपालको माटोलाई पूर्वमा टिष्टा र पश्चिमा यमुना नदीसम्म फैलाइदिएका थिए।

बहादुर शाह वीर, राजनीति जान्ने र राजाका भक्त हुनुका साथै विद्याका प्रेमी थिए। उनका आश्रयमा धेरै विद्वान्हरू पालिएका थिए। उनैको आडभरोसा पाएर त्यति बेलाका विद्वानहरूले ठूला ठूला ग्रन्थ रच्न सकेका हुन्। यस्ता वीर, प्रतापी र देशभक्त बहादुर शाह नेपालले कहिल्यै नबिर्सने मान्छे हुन्। उनको जीवनभरको त्याग, देशभक्ति र बलिदानले नेपाली इतिहासको पाना सुनौला भएर चम्किरहने छ।

शब्द र अर्थ

शेषपछि – मरिसकेपछि
विद्या अध्ययन – लेखपढ गर्नु
पौरख – पुरुषार्थ, वहादुरी
उपज – पैदा, जन्म
सुझ–बुझ – विचार, बुद्धि
नायव पद – मुख्य भन्दा तल रहो विशेष जिम्मेवारीको काम गर्ने
वारिस – प्रतिनिधि, हकवाला
सन्धि – मिलापत्र
अड्को – बाधा

नमूना अभ्यास

१. सिंहप्रताप शाहको स्वभाव कस्तो थियो, बयान गर ।
२. बहादुर शाहले देशको भलो हुने के के काम गरे, लेख ।
३. बहादुर शाहले पाल्पाली राजकुमारीसँग विवाह गर्नाका कारण लेख ।
४. बहादुर शाहलाई किन बिर्सन नहुने मान्छे भनिएको हो, लेख ।

५. अर्थ लेखी वाक्यमा प्रयोग गर

जीउज्यान अर्पनु, दाहिने हात हुनु, वारिस हुनु, पौरख देखाउनु, मिलापत्र गर्नु ।

६. "बहादुर शाह" पाठको पहिलो अनुच्छेद राम्ररी पढी सारांश लेख ।

७. तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर

जीउज्यान, टिष्टा, बन्दोबस्त, लडन्त, भिडन्त, केरुङ, सुझ–बुझ

८. तलका शब्दहरू शुद्ध गरी लेख

वहादूर शाह, राजनिती, जीम्मेवारि, भीढन्त, फूर्शट, नापि नक्सा, पश्चीम, पालीनु, चम्कीनु

व्याकरण

सेतो घोडा दौडिरहेछ । मसँग धेरै पैसा छ । केही मानिस आए ।

माथिका वाक्यहरू

"घोडा दौडिरहेछ ।" भन्दा कस्तो घोडा ? को उत्तरमा सेतो घोडा भन्ने बुझिन्छ ।

"मसँग पैसा छ ।" भन्दा कति पैसा ? को उत्तरमा धेरै पैसा भन्ने बुझिन्छ ।

"मानिस आए ।" भन्दा कति जना मानिस? को उत्तरमा केही मानिस भन्ने बुझिन्छ। सेतो ले घोडाको, धेरैले पैसाको र केहीले मानिसको यस्तो, यति भनी गुण, विशेषता, र संख्या बुझाउँछन् । यसैले सेतो, धेरै र केही शब्द विशेषण हुन् ।

अभ्यास

तलका वाक्यहरूबाट विशेषण छुट्टचाऊ

(क) बहादुर शाह वीर, राजनीति जान्ने र राजाका भक्त हुनुका साथै विद्याका प्रेमी थिए ।

(ख) यस्ता वीर, प्रतापी र देशभक्त बहादुर शाह नेपालले कहिल्यै नबिर्सने मान्छे हुन् ।

दूधको मानितो

दशैंको टीकाको दिन थियो । टीका लाउन आउने जानेहरूको ओहोर दोहोर थियो । ठाउँ ठाउँमा खर्क र भञ्ज्याङका जाँते पीङहरू घुमिरहेका थिए । रोटे पीङहरू चलिरहेका थिए । लिंगे पीङहरू मच्चिदै झट्कारिंदै थिए । आइमाई र केटाकेटीको तँछाडमछाड थियो । त्यहाँ चैत वैशाखको बगैंचाजस्तै रमाइलो थियो । रंगीचंगी लुगाले सिंगारिएर कोरीबाटी गरी हिंडेर केटाकेटीहरू, आइमाई पुतली नाचिरहे जस्तै देखिन्थे ।

ठीक त्यसै बेला घलेहरू लिगलिगको थलीमा राजा छान्ने तयारी गर्दै थिए । बर्सेनि टीकाकै दिनमा त्यहाँ दौड–प्रतियोगिता हुन्थ्यो । त्यही दौडमा जित्ने घले आउँदो वर्षभरिलाई लिगलिगको राजा हुन्थ्यो । आज पनि त्यही दौडको बन्दोबस्त हुँदै थियो । "को भन्दा को कम" भन्ने जवानहरू राजा हुन सुरिरहेका थिए । एउटा त दुई महीना अघिदेखि घिउ घसी घसी मैले तिघ्रा बलियो पारेको छु भन्दथ्यो ।

घलेहरूको त्यस्तो रमाइलो बेलामा पनि बिघ्न परयो । त्यो कसरी भने, अचानक लमजुङका राजाका भाइ द्रव्यशाह त्यहीं आइपुगे । त्यो पनि एक्लै हो र ? दलबल समेत । उनी हातहतियार समेत लिई आएको देख्दा धेरैजसो घलेहरू त्यसै भागाभाग गरिहाले । केही भने आइलाग्नेहरूसँग जाइलाग्नु पर्छ भन्दै द्रव्य शाहको फौजमाथि आक्रमण गर्ने सुरले त्यहीं बसे ।

द्रव्य शाहले मलाई पनि रहर लागेर दौडन आएको, म पनि दौडन्छु भन्ने खबर पठाए । कसैले भने– घलेहरू मात्र दौडन पाउँछन् । तर कसैले चाहिं भने जो दौडेर पहिला हुन्छ, त्यही राजा हुने हुँदा द्रव्य शाहले पनि पाउनु पर्ने । कसैले कहिले हुन्थ्यो, गुरूङ, घले मध्ये मात्रै दगुर्दा पैला भए राजा हुने पाउने अरू जातले त दगुर्ने पाउँदैन भने । निक्कै बेर कचमच भयो । आखिर घलेहरूले सोचे–दुब्लो साना पिडौलाको, क्षत्रीले दगुरेर जित्ने त कुरै छैन । यस्ता यस्ता मर्द घले जवानहरूमा कोही न कोहीले जितिहाल्छ । लौ यसलाई पनि दगुर्न दिऊँ। यसो गर्दागर्दै द्रव्य शाहले दौडमा भाग लिन पाए । उनका हतियारवाला फौज हुनाले पनि घले-

हरूले दौड्न दिएका हुन् । तर आखिर दौडमा द्रव्य शाह नै पहिला भए । अब घलेहरूको ओठ तालु सुक्यो ।

तैपनि कचिंगलो उठाएर घलेहरूले राजा बनाउन्नौं भन्न थाले । अब मारा-मार पर्न थाल्यो । तर घलेहरूको के लाग्थ्यो र ? उनीहरू द्रव्य शाहको अगाडि टिक्नै सकेनन् र लिगलिगको राजगद्दीमा द्रव्य शाह बसिहाले । गणेश पाँडे र नारा-यण अर्याल मक्ख परे । किनभने द्रव्य शाहलाई अर्तीबुद्धि दिएर यहाँ ल्याउने यिनै दुई जना थिए । यिनीहरूले हौस्याएपछि द्रव्य शाहले गोर्खा पनि जिते । साथै वर-परका गढी र राज्य पनि जिते । अब द्रव्य शाह निक्कै ठूलो राज्यका राजा भए । लिगलिग र गोर्खा यौटै राज्य भएपछि अरू सानातिना टाकुरा पनि कति दिन बेग्लै बस्न सक्थे र ? ती पनि द्रव्य शाहकै नयाँ गोरखामा मिले ।

भाइले आर्जेका राज्यहरू पनि मेरै हुनुपर्छ, सबै लमजुङमै मिलाई मै राजा हुनुपर्छ भन्ने नरहरि शाहको सुर थियो । तर द्रव्य शाहले मैले आर्जेको राज्यमा मै राजा हुनुपर्छ भनिदिए । त्यसले गर्दा जेठा नरहरि लमजुङकै राजा र माहिला द्रव्य शाह गोरखाकै राजा भए ।

सगोलमै छँदा आर्जेको जेथा सगोलकै हुनुपर्छ, सबैको राजा म नै हुनुपर्छ भनेर नरहरि शाह भन्दथे । तर बाबुको जेथा मैले दाबी नगरेपछि मैले आर्जेको जेथामा दाजुले राल काढ्नु हुन्न भन्ने द्रव्य शाहको भनाई थियो । दुई भाइको घर झगडाले जुनसुकै बेला पनि आफू आफूमा मारकाट हुने शङ्का बढ्यो । दुवै राज्यको उन्नति हुन सकेन । भारदार, दुनियाँ र छरछिमेकी राज्यहरू कोही नरहरि शाहको पक्षमा थिए भने कोही द्रव्य शाहको पक्षमा । तर आमा वसन्तवतीले कसको पक्ष लिने ? उनका निम्ति दुवै छोरा बराबर, दुवैको उन्नति छोराकै उन्नति । कतै लडाईं भई दिइहाल्यो भने आफूले कसरी हेर्नु । एउटा छोरोको जय, अर्का छोराको पराजय– कुन चाहिं आमा हेर्न सक्लिन् ?

तर गर्ने के ? त्यत्रा त्यत्रा राजा भएका छोराहरू बूढी आमैले भनेको के मानिरहलान् र ? केटाकेटीमा दाजुभाइ झगडा गर्न थाले भने त उनी पीटपाट पारेर भए पनि तह लगाउँथिन् । तर अहिले कसलाई पिट्ने ? यही चिन्ताले बूढी दिनदिनै सुक्दै जान थालिन् ।

अनि एक दिन उनको मनमा ध्वास्स एउटा जुक्ति आयो। उनी मनमनै खूब खुशी भइन्। नरहरि शाह र द्रव्य शाह दुवै चेपे नदीमा भेला भएका दिन उनले भनिन्- "हेर बाबु हो ! तिमीहरू दुवैले मेरो दूध खायौ। यही दूधका बलले तिमीहरू यत्रा यत्रा पराक्रमी राजा भयौ। तर तिमीहरू सानो कुरामा झगडा गरिरहन्छौ। दाजुले खाएको कुन, भाइले खाएको कुन ? दुवै मिलेर बसे सबैको कल्याण हुन्छ। अरू

हाम्रा शत्रुहरूले पनि तिमीहरूलाई हेप्न सक्तैनन्। दाजुभाइले कमाएको छिन्नु भन्दा पौरख गरेर अरू नै भू–भाग बढाउनु जाती हुन्छ। म त डाँडा माथिको जून, कुनै बेला पनि अस्ताउन सक्छु। आफूले चुसेको दूधको इज्जत गर्छौं भने तिमीहरूले दुवै राज्यको साँध नै यस नदीलाई मान्नु, जसले यो साँध नाघ्ला त्यसको भलो हुने छैन, कहिल्यै भलो हुने छैन। यसो भनेर आफ्ना स्तन चेपेका पानीमा डुबाइन्। झगडा बन्द गर्ने आमाको यो जुक्ति देखेर द्रव्य शाह जिल्ल परे, नरहरि शाह मुरमुरिए।

आफूले चुसेको दूधको अपमान गरेर अब कसरी भाइ भाइ लडाईं गर्ने ? भाइ भाइमा झगडा पर्न नदिन उनीहरूकी आमाले कस्तो बुद्धिमानी गर्न जानेकी ? उनको दूधको मानितो राख्न लमजुङ्ग र गोरखा लड्न सकेनन् । ती लमजुङ्ग राजाकी आमा, ती गोरखाली राजाकी आमा, विशाल नेपाल राज्यकी पनि जिजु आमा र विशाल नेपालका राजाकी पनि जिजु आमा हुन् । अर्को शब्दमा भनौं भने उनी नेपालकी बिर्सिन नसकिने एउटी बूढी आमा हुन् ।

शब्द र अर्थ

मानितो – मान
प्रतियोगिता – होडबाजी, दाँजो, कुनै काममा कसैलाई जित्ने प्रयत्न
राजगद्दी – राजसिंहासन, गद्दी
मक्ख – दङ्दास, खूब खुशी ।
भू-भाग – जमीन, भूईं।

नमूना अभ्यास

१. लिगलिगमा कस्तो व्यक्ति राजा हुन्थ्यो, बयान गर ।
२. नरहरि शाहलाई के को चिन्ता परेको लेख ।
३. दुई भाइको आपसी शङ्काले राज्यमा कस्तो स्थिति उत्पन्न भयो, लेख ।
४. रानी बसन्तावतीले झगडा रोक्न कस्तो उपाय रचिन्, बयान गर ।
५. तल दिइएका शब्दहरूलाई वाक्यमा प्रयोग गर
पेट पोल्नु, राल काढ्नु, छरछिमेकी, पुर्ख्यौंली, जेथा
६. तल दिइएका शब्दहरू शुद्धसँग लेख
दुघ, टिका, पिङ, टीथ्रा, लीगलीग, घिऊ, अर्ती, बुद्धी, माथी, जीजू, आमा, वीर्सीन ।

भानुभक्त र घाँसी

स्थान :– रम्घाको पाखा

समय :– मध्यान्ह

(एउटा बूढो बूढो मान्छे घाँस काटिरहेको छ । उसको भोटो र कछाड निकै मैलो र ठाउँ ठाउँमा फाटेको देखिन्छ । टोपी माझमा फाटेकोले टुपी बाहिर निस्केको छ । नजीकै एउटा डोको र घाँसको थुप्रो छ । केही परबाट एक जना युवक आइरहेका देखिन्छन् । घाँसी घाँस काट्दै सुरमा आपनै गीत गाइरहेको हुन्छ ।)

मरेर क्यै लानु छैन
गरौं काम कीर्ति राख्नलाई
हतपति नआओस् काल
धोको पूरा गराई छाड्नलाई

ती युवक नजीकै आएर बस्तै:– ओहो ! गीत त सारै मीठो गाउनु भयो साहिंला दाइ !

घाँसी:– (बाँकी गीत अधूरै छोडी पुलुक्क युवकतिर हेरेर) पण्डित नानी ! कसरी झस्याङ्ग पारि-दिनु भयो मलाई त । यति बेला कतावाट यहाँ पाल्नु भयो ?

युवक:– यसै गाउँघर चहार्दै थिएँ । घाम चर्केर यहाँहुँदो जरुवाको पानी पनि खाउँ, एक छिन थकाई पनि मारूँ भनी यता आएको ।

घाँसीः— (**एउटा हातले पसीना पुछ्दै**) अँ, पण्डित नानी, यतातिर पानी खाने राम्रा जरूवा पनि कहाँ पाइन्छ र ? वरू माथिको अलि राम्रो थियो ।

युवकः— हाम्रो भेकमा अरू भन्दा पनि पानीकै दुःख छ, हगि साहिला दाइ ?

घाँसीः— (**एक छिन घाँस काट्न छोडेर**) हो त नानी । नत्र यो टन्टलापुर घाममा घाँस काट्न जाँगर किन लाग्दो हो मलाई ?

युवकः— (**घाँसीको कुरा बीचमै काटेर**) हैन, पानीको दुःख भएकोले तपाईं लाई घाँस काट्न जाँगर लाग्यो ? ख्वै, मैले त कुरै बुझिन ।

घाँसीः— (**युवकको अनुहारतिर हेरेर**) नानी श्रीकृष्ण बाजेको नाती होइन ? बरा, केटाकेटी नै हुनुहुन्छ हाम्रो लेखा, अनि यस्तो कुरा कसरी बुझ्नु हुन्छ त ? तपाईंको जीवा भई दिएको भए आँ गर्दा अलङ्कार बुझिसक्नु हुन्थ्यो । अँ, नानीको नाम के हो नि ?

युवकः— मेरो नाम ? नाम त मेरो भानुभक्त हो ?

घाँसीः— (**सम्झे झैं गरी लेग्रो तानेर**) अँ ..... साँच्ची भानुभक्त हगी ? त कुरा के भने भानु नानी !

भानुभक्तः— (**बुझेजस्तो गरेर**) सित्तै त किन हुन्थ्यो र तपाईंले धन कमाउन खोज्नु भएको ? होइन त साहिला दाइ ?

घाँसीः— यसो हेर्दा त हो पनि । तर मैले कमाउन खोजेको यो धन आफू सुखचैन गरूँला भनेर होइन नानी ।

भानुभक्तः— त्यसो भए के त, दान गर्ने ?

घाँसीः— त्यो पनि होइन । धन र धर्मका साथै मान्छेको चालमा गर्नु पर्ने अर्को एउटा ठूलो कुरा छ । त्यो हो कीर्ति । म कीर्ति राख्न चाहन्छु । मरेर गएपछि पनि सबैले सम्झने कुनै चिनु छाड्नु चाहन्छु ।

भानुभक्तः— (**उत्सुक भावमा**) कस्तो कीर्ति राख्नु हुन्छ त, तपाईं ? कस्तो चिनु छाड्नु हुन्छ, मैले पनि त सुन्नु हुन्छ ?

घाँसी:– किन नहुनु नानी ? त्यही त म भन्दै छु। यो टन्टलापुर घाममा अहिले तपाईंको आँत कति हरहर भएको छ। यति बेला यहाँ एउटा राम्रो कुवा भएको भए.. .. ..

भानुभक्त:– त्यसो भए तपाईं कीर्तिको लागि कुवा बनाउन खोज्नु हुन्छ, होइन ?

घाँसी:– (**लेग्रो तानेर**) हो। नानीले अहिले भने कुरा बुझ्नु भो। साँच्चै म यस ठाउँमा एउटा कुवा खनाएर आफ्नो कीर्ति राख्न चाहन्छु। भोलि यसै गरी आँत हरहर भएर आउँदा तपाईंले कुनै जरुवा खोज्न नपरोस्। त्यस्तो बेला पानी खान पाउनु भयो भने तपाईंको आँतले कति आसीक देला ?

भानुभक्त:– (**गम्भीर भएर**) ठीक सोच्नु भयो साहिला दाइ, ठीक सोच्नु भयो। धनसारमा थुप्रचाएको र ढुकुटीमा थन्क्याएको धन कसले देख्छ ? समाजले देख्ने त यस्तै काम हो।

घाँसी:– (**सही थाप्दै**) यस्तै काम हो नानी, यस्तै काम हो। लौ त अब, नानीलाई कति अल्मल्याउँ ? तिर्खा धेरै लाग्यो होला।

भानुभक्त:– (**हिड्दै**) लौ त, म जान्छु साहिला दाइ। तपाईंको कुवा बनाउने इच्छा छिट्टै पूरा होस्।

घाँसी:– पाउलागी पण्डित नानी, पाउलागी (**घाँस काट्न थाल्छ**)।

भानुभक्त:– (**हिड्दै**) धन्य छ साहिला दाइ तिम्रो इच्छा, धन्य। घाँस काटेर पैसा कमाई कुवा खनाउने कस्तो पवित्र धोको ? (**जाँदै, एक्लै गुनगुनाउँदै अलि पर पुगेर लय हाल्दै**)

भर्जन्म घाँसतिर मन् दिई धन कमायो
नाम क्यै रहोस् पछि भनेर कुवा खनायो
घाँसी दरिद्र घरको, तर बुद्धि कस्तो,
मो भानुभक्त धनि भैकन आज यस्तो।

(दुइ पाइला सारेर उभिदै)

मेरा इनार न त सत्तल पाटी क्यै छन् ।
जे धन् र चीजहरू छन् घरभित्र नै छन् ।
यस् घाँसीले कसरी आज दिए छ अति ।
धिक्कार होस् मकन बस्नु नराखी कीर्ति ।

शब्द र अर्थ

जरुवा – पानी उम्रेर जमेको सानो खोपिल्टो, मूल फुटेर आएको पानी जम्मा हुने सानो ठाउँ
टन्टलापुर – ज्यादै चर्को घाम
चोला – जुनी
आँत हरहर हुनु – तिखालि छटपट हुनु
धनसार – धान चामल राख्ने घर

नमूना अभ्यास

१. भानुभक्त र घाँसीको कसरी भेट भयो, लेख ।
२. घाँसीको विचार आफ्नो शब्दमा लेख ।
३. घाँसीको अर्तीबाट भानुभक्तले कस्तो प्रेरणा पाए ?
४. **तलका वाक्यांशहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर**
   (क) आँ गर्दा अलङ्कार बुझ्नु
   (ख) आँत हरहर हुनु
   (ग) पुलुक्क हेर्नु
   (घ) झस्याङ्ग हुनु
   (ङ) लेघ्रो तान्नु
५. माथिका सम्वाद एक जना घाँसी र एक जना भानुभक्त बनी पालै पालो गरी सस्वर पढेर सुनाऊ ।
६. **तलका शब्दहरू शुद्ध गरी लेख**
   भानूभक्ट, सूरमा, गित, पसिना, बुझीन, नानि, किर्ती, पन्डीट, दरीद्र, इसारा ।

(१) तलका वाक्यहरू पढ र बुझ

(क) (१) यति बेला कताबाट यहाँ पाल्नु भयो ?
(२) त्यसो भए यतिको घाँस कसको लागि त ?

(ख) (१) धर्म त हरिनाम जपेर पनि गर्न सकिन्छ ।
(२) नाम त मेरो भानुभक्त हो ।
(३) ख्वै, मैले त कुरै बुझिन ।

(ग) (१) तिर्खा धेरै लाग्यो होला ।
(२) उ त्यतै उँभो होला जरुवा ।

माथि "क" समूहका वाक्यलाई प्रश्नार्थ, "ख" समूहकालाई सामान्यार्थ र "ग" समूहकालाई सम्भावनार्थ (अनिश्चयार्थ) भन्दछन् ।

अभ्यास

प्रश्नार्थ, सामान्यार्थ र सम्भावनार्थ वाक्यहरू पाठबाट खोजी लेख ।

(२) तलका वाक्यहरू पढ र बुझ

(क) आज असाध्यै गर्मी छ ।

माथिको वाक्यको पछाडि रहेको यस्तो (।) चिन्हले वाक्य पूरा भएको भन्ने बुझाउँछ । त्यसैले यो (।) पूर्णविराम चिन्ह हो ।

(ख) तिम्रो नाम के हो ?

माथिको वाक्यको पछाडि रहेको यस्तो (?) चिन्हले प्रश्न गरेको भन्ने बुझाउँछ । त्यसैले यो (?) प्रश्न चिन्ह हो ।

(ग) राम, हरि, सीता र श्याम पाठशाला गए ।

माथिको वाक्यमा राम र हरि शब्दपछि आएको यस्तो (,) चिन्हले समान शब्द या वाक्यांशलाई छुट्याएको छ । त्यसैले यो (,) चिन्ह अल्प विराम चिन्ह हो ।

अभ्यास

तल दिइएका वाक्यमा आवश्यक चिह्न राख

(क) धन्य छ साहिल दाइ तिम्रो इच्छा धन्य छ घाँस काटेर पैसा कमाई कुवा खनाउने कस्तो पवित्र धोको

पाप लाग्छ

—महाकवि लक्ष्मीप्रसाद देवकोटा

नटिप्नु हेर कोपिला !
नचुड्नु पाप लाग्दछ ॥
नच्यात्नु फूल नानी हो !
दया र धर्म भाग्दछ ॥

नछोप्नु है चरी बरी
सराप आँसु लाग्दछ ॥
नमार्नु जन्तु है कुनै
बसेर काल जाग्दछ ॥

न घाउ चोट लाउन्
सडेर चित्त पाक्दछ ।
धूलो नफेक्नु नानी हो !
उडेर भित्र ढाक्दछ ।।

हिलो नखेल्नु फोहरी
खराब दाग लाग्दछ ।
न चित्त है दुखाउनु
डसेर आँसु बग्दछ ।।

बनेर फूल झैं सधैं
हँसाउनू सुवास दी ।
सधैं रमाउनू जगत
रमेर नित्य आश दी ।।

जतातते छ ईश रे
छ सुन्नु त्यो विचार रे ।
छकाउने लुकाउने
नराख भाव क्यै गरे ।

शब्द र अर्थ

जाग्नु	–	मन दुख्नु
चित्त पाक्नु	–	रिसाउनु, ब्युँझनु
डस्नु	–	टोक्नु
सुवास	–	मीठो बासना
दी	–	दिई, दिएर
जगत	–	संसार
नित्य	–	सधैं ।

नमूना अभ्यास

१. "पाप लाग्छ" कवितामा कुन कुन काम गर्न हुँदैन भनिएको छ, बयान गर ।

२. के गरेर सबैलाई खुशी पार्न सकिन्छ, आफ्ने शब्दमा लेख ।

३. "पाप लाग्छ" कविताको सारांश लेख ।

४. व्याख्या गर

(क) नछोप्नु है चरी वरी
सराप आँसु लाग्दछ ।
नमार्नु जन्तु है कुनै
बसेर काल जाग्दछ ॥

(ख) जतातते छ ईश रे
छ सुन्नु त्यो विचार रे ।
छकाउने लुकाउने
नराख भाव क्यै गरे ॥

५. तलका शब्दहरू अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर

(क) दया (ख) जन्तु (ग) दाग (घ) आश (ङ) ईश

६. "पाप लाग्छ" कविता लय हालेर पाठ गर ।

७. तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर

नटिप्नु, नचुँड्नु, चोट, चित्त, जतातते

८. तल दिइएका शब्दहरू शुद्ध गरी लेख

कोपीला, फुल, चरि, धुलो, उदेर, भीत्र, हीलो, फोहरी, चीत्त, वीचार ।

परोपकार

"परोपकार" मा दुइटा शब्द मिलेका छन्– 'पर' र 'उपकार' । यहाँ "पर" भन्दा आफू र आफ्नो परिवार बाहेकको जोसुकै मान्छे मात्र होहन, जुनसुकै प्राणी पनि पर्छ । उपकार भनेको भलाइ हो । यसरी फोरेर हेर्दा परोपकारको अर्थ अर्काको भलाइ गर्नु भन्ने बुझिन्छ । आफूले जे दिंदा, जे भन्दा, जे गर्दा अर्काको कल्याण हुन्छ, त्यो नै परोपकार हो ।

पुराणका लेखक व्यासज्यूले आफ्ना सम्पूर्ण पुराणहरूमा मूल कुरा जम्मा दुइटा मात्र भनेका छन्-- अर्काको उपकार गरे धर्म हुन्छ, अर्कालाई दुःख दिए पाप लाग्छ । मतलव के भने धर्म कमाउनु छ भने अर्काको भलाइ गर्नु पर्छ, पाप कमाउनु छ भने अर्कालाई दुःख दिनुपर्छ । पुराणमा राक्षस र देवता छुट्टयाउने कुरा पनि यिनै हुन् । देवताहरू सकेसम्म अर्काको उपकारै होस् भन्दछन् तर राक्षसहरू अर्कालाई दुःख पुऱ्याउने दाउ हेर्छन् । भगवान्का अवतारले यस्ता राक्षसलाई मारेर अर्काको उपकार गरेका छन् ।

अर्कालाई दुःख दिने अधर्मीहरू बढे भने धर्मको रक्षा गर्न म आउँछु भनी कृष्णजीले अर्जुनलाई गीतामा बताएका छन् । नभन्दै उनी कहिले राम भएर आए, कति राक्षसहरूलाई मारे, समाज सेवा गरे । कहिले कृष्ण भएर आए, अन्यायीहरूलाई सिध्याए । सोझा, धर्मात्मा र राम्रो काम गर्नेको उपकार गरे ।

अरूलाई मार्नु परोपकार हो त ? जसले अर्कालाई अपकार गरीगरी दुःख दिन्छ, त्यो पापी हो । त्यस्ता पापीहरू छउन्जेल धेरैको कल्याण हुन पाउँदैन । सीधा-सादाले तर्सेर बस्नु पर्छ । त्यस्ता पापीलाई मारिदिनु समाजको काँडो झिकिदिनु हो । त्यसैले यो मार्नु पनि परोपकार हो ।

तर परोपकार गर्न पापीहरू कहाँ छन् भनी खोज्दै बाण हान्नै पर्छ भन्ने केही छैन । देवदत्तले हाँस मार्न लाग्दा गौतम बुद्धले "हाः नमार भनी रोक्न खोजे । बुद्धको विश्वास के थियो भने प्राणी मात्रमा हामीले दया गर्नु पर्छ । यो बिचरो हाँस रावण पनि होइन, कंस पनि होइन, किन मार्ने हँ ? त्यसैले बौद्ध धर्ममा जुनसुकै जन्तुको हत्या गर्नु पनि पाप हो । कसैको कसैले हत्या गर्न लागेको छ भने बचाउनु

परोपकार हो । बुद्धले आफ्नो सम्पूर्ण जीवन प्राणीको उपकार कसरी हुन्छ भन्ने सोचेर र उपाय खोज्दै बिताए । जैनहरू हिंड्दा र सास फेर्दा समेत कुनै मसिना कीराफटयाङ्ग्राले दुःख पाउलान् भनी मुख ढाकेर होशियारीपूर्वक हिंड्दछन् । मान्छेले मान्छेलाई मात्र हैन, अरू प्राणीका लागि पनि परोपकार गर्नुपर्छ ।

शिवि नामका एक जना प्रसिद्ध राजा थिए । उनी ज्यादै परोपकारी थिए। उनको परोपकार देखेर मान्छे मात्र होइन, देवता पनि छक्क पर्दथे ।

एक दिन शिवि यज्ञ गर्दै थिए । धूमधामसँग यज्ञ चलिरहेको थियो । त्यस बेला कता कताबाट एउटा परेवा हतास्सिएर उड्दै राजाको काखमा आएर घुस्रियो। राजाले केही सोच्दासोच्दै एउटा बाज अगाडि देखा परयो र भन्यो–"राजन्। तपाईंसँग रहेको परेवा मलाई दिनु होस् । त्यो मेरो आहारा हो । म धेरै दिन-देखि भोको भएकोले यही आहाराको लागि धाएर आइरहेछु" । बाजको कुरा सुनी राजाले भने–हेर बाज ! यो परेवा मेरो शरणमा आएको छ । शरणमा आएको प्राणीको रक्षा गर्नु जोसुकैको पनि धर्म हो । त्यसैले शरणमा परेको यस परेवालाई म कसरी तिम्रो हातमा दिऊँ ? त्यसैले तिमी अरू नै कुराको आहारा गरेर आफ्नो भोक मेटाऊ । बाजले भन्यो– महाराज ! यो आहारा पनि खान नपाए मेरो प्राण रहँदैन । अर्को कुरा म मासु खाने प्राणी हुँ । त्यसैले भोक टार्नुका लागि मलाई मासु नै चाहिन्छ । यो परेवालाई बचाएर अरू आहार जुटाउँदा पनि कुनै न कुनैलाई नमारी हुँदैन । जब एउटालाई मार्नै पर्छ भने मलाई त्यही परेवा भए भइहाल्यो नि ।

परोपकारी राजा शिवि परेवाको प्राण बचाउन र अरूको हत्या नगरीकनै बाजको भोक टार्न चाहन्थे। त्यसैले उनले बाजलाई आफ्नै शरीर काटेर परेवा बराबरको मासु दिने इच्छा व्यक्त गरे। बाजले यो कुरा मन्जुर गरयो ।

तराजूमा एकातिर परेवा राखियो र अर्कोतिर राजा आफ्नो शरीरको मासु काट्दै हाल्न थाले। तर जति हाले पनि परेवा बराबरको मासु पुग्न सकेन। आखिर राजा आफैं तराजूमा बसे। त्यति बेला आकाशमा बाजा बज्न थाल्यो र पुष्प-वृष्टि भयो।

शरीर टुक्रा टुक्रा भएका राजाले न त त्यो परेवालाई देखे, न त बाजलाई नै। त्यस यज्ञ स्थलमा उनका सामु दुई देवता देखा परे। तिनमा एक अगाडि सरेर भने– राजन ! हामी परेवा र बाजको रूप लिएर तपाईंको परीक्षा गर्न आएका हौं। म देवताको राजा इन्द्र हूँ र यिनी सबैमा ताप पुऱ्याउने अग्नि हुन्। तपाईं परीक्षामा उत्तीर्ण हुनु भयो। तपाईंको यस्तो परोपकारी काम संसारमा पछिसम्म अमर रहनेछ। तपाईंको शरीर फेरी पहिलेजस्तै पूरा र स्वस्थ बन्नेछ। आफ्नो आयुभर राज्य गरेर तपाईंले देव–लोक प्राप्त गर्नु हुनेछ।

यति भनी ती दिव्य पुरुष अन्तर्ध्यान भए।

आजको दुनियाँमा अर्काको निमित्त आफ्नो शरीरसम्म दिने परोपकारी कहाँ पाउनु ? यस्ता नपाए पनि अरूको निमित्त दुःख गरिदिने, दुःखमा परेकालाई सहयोग गर्ने र बिग्रिसकेकालाई सुधारिदिने परोपकारीहरू भने संसारमा निमिटचान्न भएका छैनन्। आफ्नो बुद्धि, वर्कत र औकातले भ्याएसम्म हामीले पनि परोपकार गर्नुपर्छ।

अभ्यास

शब्द र अर्थ

पुराण – पुराना कुरा
बुद्ध – ज्ञान पाएका व्यक्ति, बुझेको
राजन – राजा
पुष्प–वृष्टि – फूलको वर्षा
ताप – तातो
देव लोक – देवताहरू रहने ठाउँ, स्वर्ग
दिव्य पुरुष– देवता
अन्तर्ध्यान – बेपत्ता, नदेखिनु

नमूना अभ्यास

१. परोपकार भनेको के हो , बताऊ ।

२. कृष्णले अर्जुनलाई भनेका कुरा आफ्नै शब्दमा लेख ।

३. गौतम बुद्धले देवदत्तलाई किन हाँस मार्न दिएनन्, बयान गर ।

४. राजा शिविको कथा आफ्नै शब्दमा लेख ।

५. तल दिइएका विषयमा दश हरफमा नबढाई प्रबन्ध लेख

(क) दया (ख) घृणा (ग) समाज सेवा

६. तल दिइएका वाक्यांशहरूका अर्थ लेखी वाक्यमा प्रयोग गर

(क) उपकारै उपकार गर्नु (ख) दाउ खोजिरहनु (ग) समाजको काँडा झिकिदिनु

७. दिइएका शब्दहरू मध्ये सुहाउँदो शब्द छानी तलका वाक्यहरूमा खाली ठाउँ भर

(धेरैको, बढी, उपकार, थोरैको, अपकार, गोता, मानिस, जन्तु, दुःख, सास्ती)

(क) देवताहरू सकेसम्म अर्काको उपकारै ..... गर्छन् ।

(ख) पापीहरू रहुन्जेल ..... कल्याण हुनै पाउँदैन ।

(ग) सेवा गर्ने मानिसलाई परोपकारी, धर्मात्मा ..... भन्दछन् ।

(घ) पाप गर्ने भए अर्कालाई ..... देऊ ।

८. तलका शब्दहरू शुद्धसँग उच्चारण गर

मतलव, अगुल्टो, काँडो, बुद्ध, निमिट्टचान्न

९. तल दिइएका शब्दहरू शुद्ध गरी लेख

परीवार, पूराण, पापि, प्रानि, जडि, अन्यायि, अधरमि, क्रीश्न, ह्योसियार किरा-फटयाग्रा

व्याकरण

(१) अब म घर जान्छु । तिमी माथि जाऊ । गुरुपट्टि फर्केर बस ।

माथिका वाक्यहरूमा अब, माथि र पट्टि जस्ताको तस्तै रहने र कुनै अवस्थामा पनि रूप नबिग्रने शब्द हुन् । यस्ता शब्दलाई अव्यय भन्दछन् । सब, तब,पछि, मुनि, तिर, अघि, नै, झैं, पनि पनि अव्यय नै हुन् ।

अभ्यास

(क) माथि दिइएका अव्यय शब्दहरूलाई वाक्यमा प्रयोग गर ।

(ख) यस पाठमा भएका अव्यय शब्दहरू पत्ता लगाई कापीमा लेख ।

(२) तिमी राम्ररी काम गर । हामी खुरुक्क घर जान्छौं ।

माथिका वाक्यहरूमा–

"तिमी काम गर" भन्दा कसरी ? को उत्तरमा राम्ररी भन्ने बुझिन्छ ।

"हामी घर जान्छौं" भन्दा कसरी ? को उत्तरमा खुरुक्क भन्ने बुझिन्छ ।

राम्ररी गर र खुरुक्कले जान्छौं क्रियापदका गुण वा अवस्था जाहेर गर्दछ । त्यसैले माथिका वाक्यहरूमा राम्ररी र खुरुक्क शब्दहरू क्रियाविशेषण हुन् ।

अभ्यास

(क) तल दिइएका वाक्यहरूमा क्रियाविशेषण छुट्ट्याऊ

कृष्णजीले अर्जुनलाई एउटा जडी कुरो बताएका छन् । त्यो के भने अर्कालाई दुःख दिने अधर्मीहरू बढे भने धर्मको रक्षा गर्न म आउँछु । नभन्दै उनी कहिले राम भएर आउँछन्, कति राक्षसलाई मार्छन्, समाजको सेवा गर्छन् । कहिले कृष्ण भएर आउँछन्, अन्यायीहरूलाई सिध्याउँछन्, सोझा, धर्मात्मा र राम्रो काम गर्नेको उपकार गर्छन् ।

शान्तिका दूत

नेपाल अधिराज्यमा चौध अञ्चल छन्। ती चौध अञ्चल मध्ये एक अञ्चल लुम्बिनी हो। लुम्बिनी अञ्चलमा उहिले शाक्यहरूको राज्य थियो। शाक्य राजाहरूको भिन्नाभिन्नै राज्य थियो। ती राजाहरूमा शुद्धोदन शाक्य ज्यादै प्रसिद्ध थिए। रानी मायादेवीको कोखबाट रुपन्देही जिल्ला लुम्बिनी नाउँको बगैंचामा सिद्धार्थ जन्मिए। यो आजभन्दा पच्चीस सय वर्षभन्दा पनि अघिको कुरा हो।

सिद्धार्थ जन्मेपछि मायादेवी स्वर्गवास भइन्। राजा शुद्धोदनले आफ्ना छोरा युवराजलाई ज्यादै सुखले हुर्काए। राजा उनलाई दुःख भन्ने कुरै थाहा नहोस् भनी कोशिश गर्दथे, तर युवराज सिद्धार्थ चाहिं सुख–दुःखको वास्तै नगर्ने जस्ता थिए। उमेर पुगेपछि राजकुमारी गोपासँग उनको विवाह भयो। गोपाको अर्को नाम यशोधरा थियो। उनी अनुहारमा मात्र होइन, बानीबेहोरा र बोलीचालीमा पनि साह्रै असल थिइन्। केही वर्षपछि उनीहरूको एउटा छोरा जन्मियो। त्यस बालकको नाम "राहुल" राखियो।

सिद्धार्थ नरम र मीठो बोली बोल्दथे। उनी कसैको पनि दुःख देख्न सक्दैनथे। मानिसको मात्र होइन, अरू जनावरको दुःखमा समेत उनी दुःखी हुन्थे। घोडा चढेर हिंड्दा घोडाले स्वाँ-स्वाँ गरयो भने उनी अडिन्थे र त्यसलाई आराम गर्न दिएर आफू पैदलै हिंड्थे। उनी गोरुलाई पिट्दै हलो जोतेको देख्दा दुःख मानेर हलीलाई सम्झाउन जान्थे। प्राकृतिक सुन्दरता देखेर भने उनी आनन्दले मग्नमस्त बनेर हेरिरहन्थे।

छिनछिनैमा फेरिइरहने किसिम-किसिमका सुख र दुःख देखेर सिद्धार्थ दिक्क हुन्थे। रोग, बुढ्याइँ र मृत्यु सबै प्राणीमा हुन्छ भन्ने निधो भएपछि त उनी झन् दिक्कै भए। एक दिन राती सबै थोक छोडेर सिद्धार्थ जङ्गलतिर हिंडे। शान्ति खोज्न गएका सिद्धार्थ देश-देशान्तर घुम्न थाले। छ वर्षसम्म घोर जङ्गलमा एक्लै बसेर के गरेदेखि शान्ति हुन्छ भन्ने विचार गरे। तर शान्तिको उपाय भने भेटिंदै भेटिएन। अनि उनी गया भन्ने ठाउँभन्दा दक्षिणको जङ्गलमा गएर दिन बिताउन थाले।

एक रात उनी पीपलको बोटमुनि बसिरहेका थिए । ध्यान गर्दागर्दै दया नै संसारको सुखको मूल कारण हो, दया नभै सुख हुन्न, त्यसकारण जो दया गर्दैन त्यो धर्मात्मा होइन भन्ने विचार उनको मनमा पऱ्यो । यही ज्ञानलाई संसारको मुख्य धर्म हो भन्ने उनले माने । उनलाई ज्ञान मिलेको ठाउँलाई मानिसहरू बोधगया भन्न थाले । अनि उनी बुद्ध भनेर प्रसिद्ध भए ।

बुद्धलाई राजा शुद्धोदन प्यारो गरेर बोलाउँदा "गौतम" भन्दथे । त्यसैले सारा संसारले उनलाई गौतम बुद्ध भन्न थाले । सिद्धार्थ गौतमले बुद्ध भएर प्रचार गरेको धर्म बौद्ध धर्म भनिन थाल्यो ।

त्यस पछि गौतम उपदेश दिन थाले । उनका उपदेशहरू दया र उपकार सम्बन्धी छन् । उनी आफ्ना शिष्य र अरूलाई यसरी अर्ती दिन्थे–

"सारा प्राणीमाथि दया गर । राम्रो व्यवहार गर । आमा, बाबु र गुरुको भक्ति गर । आफूभन्दा ठूलाको आज्ञा मान । साँचो बोल । सबैलाई गुन नै गर । सबै मानिसहरूलाई आदर गर । सधैं आफ्नो कर्तव्य गर ।"

गौतम बुद्धका अर्ती र उपदेश त्यस बेलाका राजा, प्रजा सबैलाई चित्त बुझ्यो । उनको उपदेश सुन्न र ज्ञानको कुरा सोध्न मानिसहरू उनीकहाँ आउन थाले । उनको धर्म प्रचार हुँदै गयो । शिष्यहरूको संख्या बढ्दै गयो । उनले देश विदेश घुमेर प्रशस्त उपदेश दिए । उनका चेलाहरू संसारभर छरिन थाले । यसरी असी वर्षको उमेरसम्म मानिसको कल्याणका निम्ति उपदेश दिँदै महात्मा गौतम बुद्धले महापरिनिर्वाण प्राप्त गरे ।

महात्मा गौतम वैशाख पूर्णिमाका दिन जन्मेथे, वैशाख पूर्णिमाकै दिनमा उनले ज्ञान प्राप्त गरेर वैशाख पूर्णिमाकै दिन उनले महापरिनिर्वाण प्राप्त गरे ।

भारतका सम्राट अशोकले यस धर्मको खूब प्रचार गरे । उनले विहार, मठ र स्तूप पनि धेरै ठाउँमा स्थापना गरे । उनी लुम्बिनीमा तीर्थ गर्न आएपछि त झन् दिन रात यस धर्मको प्रचार हुन थाल्यो ।



एउटा नेपाली मान्छे शान्तिका दूत बुद्धले चलाएको धर्म आज पनि संसारभर चलिरहेको छ । रूसको भोल्गादेखि जापानसम्म, साइबेरियादेखि लंकासम्म महात्मा बुद्धको धर्म ज्यादै चल्तीमा छ । तेइस सय वर्षभन्दा पनि अघि अशोकले स्थापना गरेको स्तम्भ लुम्बिनीमा अझै सुरक्षित छ । संसारका भिन्नभिन्न देशबाट बुद्धमार्गीहरू तीर्थ गर्न भनी लुम्बिनीमा आउँछन् र बुद्धको जन्मस्थलमा फूलमाला चढाएर आफ्नो श्रद्धा प्रकट गर्दछन् । उनीहरू प्रसन्न भएर 'बुद्धम् शरणं गच्छामि'

'धम्मम् शरणं गच्छामि' 'संघं शरणं गच्छामि' भन्दै फर्कन्छन् । यसरा हाम्रो देश बौद्ध धर्मको केन्द्र बन्न गएको छ । बुद्धको जन्मस्थल लुम्बिनीकै नामबाट हाम्रो देशको एउटा अञ्चलको नाम लुम्बिनी अञ्चल राखिएको छ ।

शब्द र अर्थ

मग्नमस्त	– सुख वा आनन्दमा मस्त भएको
प्राणी	– जीवजन्तु, प्राण भएको वस्तु
बुद्ध	– गौतम बुद्ध, ज्ञान पाइसकेको
प्रचार	– चल्तो, फैलावट
बौद्ध	– बुद्धले चलाएको, बुद्ध सम्बन्धी
उपदेश	– राम्रो कुराको शिक्षा, अर्ती
विहार	– बौद्धहरू बस्ने मठ, सत्तल, धर्मशाला,
स्थापना	– राख्नु, अडाउनु
सम्राट	– महाराजाधिराज, चक्रवर्ती राजा
महापरिनिर्वाण	– जन्म–मृत्युको बन्धनबाट छुट्कारा पाउनु
स्तम्भ	– थाम, खम्बा
मार्गी	– कुनै बाटो, धर्ममा लाग्ने व्यक्ति
बुद्धम् शरणं गच्छामि	– ज्ञानको शरणमा जान्छु
धम्मम् शरणं गच्छामि	– कर्तव्यको शरणमा जान्छु
संघम् शरणं गच्छामि	– समाजको (जनताको) शरणमा जान्छु ।

नमूना अभ्यास

१. सिद्धार्थको स्वभाव कस्तो थियो, बयान गर ।
२. सिद्धार्थको मनमा वैराग उत्पन्न हुनाको कारण आफ्नै शब्दमा लेख ।
३. बुद्ध आफ्ना शिष्यहरूलाई कसरी उपदेश दिन्थे, लेख ।
४. वैशाख पूर्णिमाकै दिन बुद्धको जीवनमा कुन कुन महत्त्वपूर्ण घटना घटे, क्रम मिलाई लेख ।

५. अशोकले बुद्ध धर्म प्रचार गर्न के के गरे, बताऊ ।

६. बुद्धलाई किन शान्तिका दूत भनिएको हो, कारण लेख ।

७. तल दिइएका वाक्यांशहरू स्पष्ट अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर

(क) स्वाँ स्वाँ हुनु
(ख) पैदलै हिंड्नु
(ग) मग्नमस्त हुनु
(घ) देश–देशान्तर घुम्नु
(ङ) फूलमाला चढाउनु ।

८. यस पाठको अन्तिम अनुच्छेदको सारांश लेख ।

९. तल दिइएका शब्दहरू शुध्दसँग उच्चारण गरी वाक्यमा प्रयोग गर

भिन्नाभिन्नै, प्रजावती, स्वर्गवास, प्राकृतिक, दक्षिण ।

१०. तल दिइएका शब्दहरू शुद्ध गरी लेख

शान्ती, दूत, नेपाली, पच्चिस, शय, सीधार्थ, बुड्ढ, सम्वन्धि, परीनीर्वाण, तिर्थ ।

व्याकरण

(क) आमाले भात खाऊ भन्नुभयो तर मैले मानिन ।
(ख) मैले पाँच वटा किताब अनि दुइटा सीसा–कलम किनें ।
(ग) पानी परी नै रहेको थियो तैपनि शम्भु पढ्न गयो ।

माथिका वाक्यहरूमा – (क) मा 'तर' ले, (ख) मा 'अनि' ले र (ग) मा 'तैपनि' ले पदहरू वा वाक्यहरूलाई जोडेका छन् । त्यसले तर, अनि र तैपनि संयोजक हुन् ।

अभ्यास

(क) तल दिइएका संयोजकहरूलाई वाक्यमा प्रयोग गर

अनि, एवं, तैपनि, तथा, र ।

(ख) तल दिइएका वाक्यहरूमा संयोजक छुट्टयाऊ

सिद्धार्थ नरम र मीठो बोली बोल्दथे । रोग, बुढ्याइँ र मृत्यु सबै प्राणीमा हुन्छ भन्ने निधो भएपछि त उनी झन् दिक्क भए । तर शान्तिको उपाए भने भेटिँदै भेटिएन । अनि उनी गया भन्ने ठाउँ– भन्दा दक्षिणको जङ्गलमा गएर दिन बिताउन थाले ।

रामो लुगाभन्दा मीठो खाना नै जाती

(विद्यालयको एउटा कोठामा विद्यालय र बाहिरका निम्तालुहरू जम्मा भएका छन् । अगाडि सभापतिको आसनमा कक्षा शिक्षक, त्यसको सँगैका अरू मेचमा प्रधान अध्यापक र शिक्षकहरू बसेका छन् । टेबुलको दाहिनेपट्टि वादविवादमा भाग लिने छात्र–छात्राको दुई टोली र देब्रेपट्टि निर्णायक गुरुहरू बसेका छन् । टेबुल सामु दर्शक र छात्र–छात्राहरू बसेका छन् । त्यत्तिकैमा छात्र प्रतिनिधि राधेश्याम उठेर बोल्न थाल्छन् ।)

राधेश्याम

श्रीमान् सभापतिज्यू, निर्णायक गुरुहरू र साथीहरू ! हाम्रो विद्यालयले यस्ता कार्यक्रमहरू बेला बेलामा गर्दै आएको सबैलाई थाहै छ । ती मध्ये आज हामीले वादविवादको कार्यक्रम राखेका छौं । यो कार्यक्रम चलाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिन्छु ।

आजको वादविवादको विषय छ– राम्रो लुगाभन्दा मीठो खाना नै जाती ।

वादविवादमा भाग लिनेले तलका नियमहरू पालन गर्नुपर्छ ।

१. समय पाँच मिनेट दिइएको छ ।
२. चार मिनेटपछि जनाउ–घण्टी बज्नेछ ।
३. पाँचौं मिनेट समाप्तिको घण्टी बज्नासाथ वक्तव्य टुङ्ग्याइहाल्नुपर्छ ।
४. बोल्दा कागत वा कुनै किसिमको टिपोट हेर्न पाइँदैन ।
५. कसैलाई व्यक्तिगत आरोप गरेर बोल्न पाइने छैन ।
६. बोलिएको बूंदा दोहोरिएमा त्यसको महत्त्व हुने छैन ।

अब "राम्रो लुगाभन्दा मीठो खाना नै जाती" भन्ने पक्षमा सुश्री पैमा आले बोल्न हुन्छ ।

पैमा आले– (अगाडि आएर)

श्रीमान् सभापतिज्यू, गुरुज्यूहरू र प्यारा साथीहरू ! म राम्रो लुगा लगाउनु भन्दा मीठो खानु जातो भन्ने विषयमा बोल्न उपस्थित भएकी छु । घरमा खान नपाउने, बाहिर भने ठाँटिएर हिंड्ने मान्छेलाई कस्तो सुकुल गुण्डो रहेछ भन्छन् । राम्रो मात्र लाएर के गर्नु, असल खानेकुरा छैन भने मान्छे दुब्लाउँछ । दुब्लाएपछि स्वास्थ्य बिग्रन्छ, रोगी हुन्छ । रोगी भएपछि पढ्न र काम गर्न सकिन्न । अनि त न बुद्धि हुन्छ न विचार । त्यसैले निरोगी रहन र बुद्धि बढाउन असल खाना खानुपर्छ ।

राम्रो लुगा लगाउनेलाई मान इज्जत गर्छन् भन्नु पनि ठीक होइन । मूर्खले जस्तोसुकै राम्रो लुगा लगाएर हिंडे पनि राम्रो काम गर्न सक्दैन । मूर्ख र नराम्रो काम गर्नेलाई कसले इज्जत गर्छ ? कसले मान गर्छ ? बरू असल खाना खाएर स्वास्थ्य राम्रो बनाउने, बुद्धि राम्रो पार्नेलाई सबैले मान्छन् ।

निरोगी हुन मिहिनेत गर्नुपर्छ । मिहिनेत गर्न पनि तागत चाहिन्छ । असल खानाले तागत हुन्छ । त्यसैले मेरो विचारसा राम्रो लुगाभन्दा मीठो खाना नै जाती हो । **(घण्टी लाग्छ)** ।

अब साथी जीवन नेपाली "राम्रो लाउनुभन्दा मीठो खाना नै जाती" भन्ने को विपक्षमा बोल्नु हुन्छ ।

जीवन नेपाल– (अगाडि आएर)

श्रीमान् सभापतिज्यू र अरू महानुभावहरू ! म "राम्रो लाउनुभन्दा मीठो खाना नै जाती" भन्ने विषयको विपक्षमा बोल्न लागेको छु। मानिसलाई मीठो खानुभन्दा राम्रो लाउनु जरूरी छ। घरभित्र मीठो खाएको कसैले देख्दैन। बाहिर राम्रो लगाए मात्र सबैले देख्छन्। धनी र गरीब छुट्टयाउने पनि राम्रो लुगा नै हो। राम्रो लुगा नलगाएमा सबैले पाखे, गाउँले र अशिक्षित भन्छन्। त्यसैले इज्जतदार बनाउने राम्रो लुगा नै हो। राम्रो लुगा लगाएर हिंड्नेलाई सबैले मान गर्दछन्। मान्छेको इज्जत, धन र बुद्धि जाँच्ने नै राम्रो लुगा भएकोले मेरो विचारमा मीठो खानाभन्दा राम्रो लुगा नै असल हो। धन्यवाद।

राधेश्याम :

अब "राम्रो लुगाभन्दा मीठो खाना नै जाती" भन्ने पक्षमा अरूण ताम्राकार बोल्नु हुन्छ।

अरुण ताम्राकार– (अगाडि उठेर)

श्रीमान् सभापतिज्यू, गुरुहरू र साथीहरू ! "म मीठो खानु जाती" भन्ने विषयमा बोल्दैछु। अगाडि बोल्ने मेरा प्यारा साथीको कुराले मलाई बढी अचम्म लाग्यो। उहाँले गाउँलेहरूलाई पाखे भन्नु भयो। नराम्रो लुगा लाउनेलाई अशिक्षित भन्नु भयो। मेरा विचारमा गाउँको मान्छे हुँदैमा अशिक्षित हुँदैन, पाखे हुँदैन। ऊ असभ्य हुँदैन। गाउँका मान्छे पनि भलादमी र पढेलेखेका हुन्छन्।

गाउँका मान्छे र खेतालाहरू राम्रो लुगा नलाउँदैमा साना हुँदैनन्। उनीहरू मिहिनेत साथ काम गर्छन्, मजासँग खान्छन्। लुगा लगाएको त नाङ्गो वस्न नभएर मात्र हो। जीउ छोप्न जस्तो लुगा लगाए पनि हुन्छ। तर खान पाइएन भने कसरी काम गर्ने ? काम गर्न नसके कसरी खेतबारीमा अन्न उब्जाउने ? अनि तपाईं हामीले के खाने ? खान नपाए बिरामी भएर मरिहालिन्छ। त्यस बेला राम्रो लुगा लगाएर के गर्ने ? मसानमा लाँदा रेशमी कात्रोले छोपेर मात्र के फाइदा ?

अर्को कुरा ठूलाठूला विद्वान् मान्छेले लाउने कुरामा त्यति चासो लिंदैनन्। खान भने असल र सफा खान्छन्। राम्रो नलाए पनि उनीहरूलाई सबैले मान

गर्छन् । त्यसकारण राम्रो लुगाभन्दा राम्रो खाना नै जाती हो । **(घण्टी लाग्छ)**

राधेश्याम

अब "राम्रो लुगाभन्दा मीठो खाना नै जाती" को विपक्षमा कुमारी सुनीता राणा बोल्नु हुन्छ ।

सुनीता राणा – (अगाडि आएर)

श्रीमान् सभापतिज्यू तथा साथीहरू ! मेरो विचारमा मानिसको इज्जत त लुगाले नै राख्छ । एउटा खेतालाले पनि काममा गएर दाल, भात, तरकारी टम्म खान्छ तर उसलाई कसैले इज्जतदार मान्दैन । राम्रो लुगा लगाउनेलाई झट्ट कसैले हेप्न सक्दैन । अर्को कुरा नयाँ नयाँ ढाँचाका राम्रा लुगा लगाउनु त झन् राम्रो । सभ्य देशमा मान्छे कसरी दिनदिनै नयाँ नयाँ ढाँचाका लुगा लगाउँछन् । त्यसैले मेरो विचारमा मीठो खानुभन्दा राम्रो लाउनुमा ठूलो इज्जत छ । मेरो भन्नु यत्ति हो । धन्यवाद !

राधेश्याम

यस प्रतियोगिताको अन्त्यमा म निर्णायक गुरुहरूसँग वादविवादमा पहिला र दोस्रा हुनेहरूको नाम सुनाउन र प्रधान अध्यापकज्यूसँग पुरस्कार वितरण गरिदिनु हुन अनुरोध गर्दछु ।

(निर्णायक गुरुहरू मध्ये एक जनाले उठेर पहिला र दोस्रोको परिणाम घोषित गरेपछि प्रधान अध्यापकले पुरस्कार दिनु हुन्छ ।)

राधेश्याम

अब सभापतिज्यूबाट छोटो वक्तव्यपछि सभा विसर्जन हुन्छ ।

सभापति

प्यारा सहयोगी शिक्षकहरू र छात्र–छात्राहरू ! हाम्रो विद्यालयको अतिरिक्त कार्यकलाप मध्ये वादविवाद कार्यक्रम पनि एउटा हो । यसलाई बराबर सञ्चालन गरी सफल पार्नमा सहयोग गर्ने शिक्षक, विद्यार्थी सबैलाई धन्यवाद दिन्छु । यस्तो कार्यक्रमले बालकहरू धक फुकाई चार जनाको अगाडि उभिएर आफ्नो मनको भाव प्रकट गर्न सक्छन् । त्यति मात्र होइन, यस्तो कार्यक्रमले बालकहरूमा तर्क दिने र

अर्काको तर्क काट्ने गुणको विकास हुन्छ । त्यसैले यस्तो कार्यक्रम समय समयमा चल्दै रहनेछ भन्ने आशा लिदै आजको सभा यहीं विर्सजन गर्छु । धन्यवाद !

(ताली बज्छ)

शब्द अर्थ

निर्णायक – निर्णय दिने व्यक्ति
प्रतिनिधि – सट्टामा काम गर्ने, वारिस
वक्तव्य – भन्नु पर्ने कुरा, भन्न लायक कुरा ।
ठाँट्टिएर हिंडनु – सिंगारिएर वा राम्रा राम्रा लुगा लगाएर हिंड्नु ।
महानुभाव – मान्नु पर्ने मान्छे, ठूलो मान्छे भएको
सभ्य – भलाद्मी, बोली व्यवहार राम्रो ।
अशिक्षित – अपढ, अज्ञानी ।
अतिरिक्त – विशेष, बढ्ता ।
विर्सजन – टुंग्याउनु, सक्नु ।
सञ्चालन गर्नु – बन्दोबस्त मिलाएर राम्ररी चलाउनु ।
धक फुकाउनु – लाज र डर नमान्नु ।
तर्क – विचार ।

नमूना अभ्यास

१. नराम्रो लुगा लगाउँदैमा कसरी पाखे भइन्छ, आफ्नो विचारमा लेख ।
२. पैमा आलेको विचारसँग तिमी सहमत या असहमत के छौ, कारण दिई लेख ।
३. अरूण ताम्राकारको भनाइको विषयमा तिमी के कस्ता तर्क पेश गर्दछौ, बयान गर ।
४. जीवन नेपालका विचारहरूको खण्डन गरी आफ्नो विचार व्यक्त गर ।
५. सुनीता राणाले बोलेका कुरा कक्षामा हाउभाउ तथा मुखमुद्रा मिलाई सस्वर पढेर सुनाऊ ।

६. तल दिइएका शब्दहरूको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर

(क) दर (ख) डर
(ग) साथी (घ) साठी
(ङ) छोरी (च) छोडी
(छ) काल्न (ज) काट्न
(झ) पत्ती (ञ) पट्टी

७. तलका विषय शीर्षकको वादविवादमा भाग लेऊ

(क) बलभन्दा बुद्धि ठूलो
(ख) धनभन्दा विद्या ठूलो

८. तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर

निर्णायक, आदरणीय, प्रतिनिधि, ताम्राकार, अशिक्षित ।

९. तल दिइएका शब्दहरू शुद्ध गरी लेख

निम्ताहरू, यि, वीवाड, टीपोत, वीरामि, ठिक, गून्दो, नीरोगि, सभापती अशीक्षीट ।

व्याकरण

१. तलका वाक्यहरू पढ

(क) मानिस ज्ञानी हुन्छ । बाँदर उफ्रन्छ । काग कराउँछ ।

(ख) मानिसहरू ज्ञानी हुन्छन् । बाँदरहरू उफ्रन्छन् । कागहरू कराउँछन् ।

माथिका वाक्यहरूमा –

(क) का मानिस, बाँदर र कागले एउटा मात्र बुझाउने हुनाले त्यस्ता शब्दलाई एक वचन भन्दछन् ।

(ख) का मानिसहरू, बाँदरहरू र कागहरू एकभन्दा बढी बुझाउने हुनाले त्यस्ता शब्दलाई बहुवचन भन्दछन् ।

अभ्यास

१. तल दिइएका वाक्यहरूलाई एक वचनमा बदल

(क) कोइलीहरू गीत गाउँछन् ।

(ख) बाघहरू मृगलाई खान्छन् ।

(ग) घरहरू ठूला छन् ।

२. तल दिइएका वाक्यहरूलाई बहु वचनमा बदल

(क) रूख हरियो हुन्छ ।

(ख) मोटर छिटो दौडन्छ ।

(ग) गुरु विद्यार्थीलाई पढाउनु हुन्छ ।

३. तल दिइएका वाक्यहरूमा चिनो लगाइएका शब्दको वचन लेख

प्यारा सहयोगी शिक्षकहरू र छात्र-छात्राहरू ।

हाम्रो विद्यालयको अतिरिक्त कार्यकलाप मध्ये वादविवाद कार्यक्रम पनि एउटा हो । यसलाई बराबर सञ्चालन गरी सफल पार्नमा सहयोग गर्ने शिक्षक, विद्यार्थी सबैलाई धन्यवाद दिन्छु । यस्तो कार्यक्रमले बालकहरू धक फुकाई चार जनाको अगाडि उभिएर आफ्नो मनको भाव प्रकट गर्न सक्छन् ।

२. तलका वाक्यहरू पढ

रामुले भात खायो । हरिलाई यहाँ बोलाऊ । लट्ठीले नकुट । आगो बाल्नलाई सलाई चाहियो । रूखबाट पात खस्छ । बुबाको नयाँ लुगा राम्रो छ । गुरु अहिले विद्यालयमा हुनुहोला । ए नानी ! तिमीलाई आमाले बोलाउनु भयो ।

माथिका वाक्यहरू ले, लाई, बाट, को, मा, ए अहिले एक शब्दको अर्को शब्दसँग सम्बन्ध देखाएका छन् । त्यसैले ले, लाई, बाट, को, मा, ए विभक्ति हुन् ।

अभ्यास

तल दिइएका खाली ठाउँमा सुहाउँदो विभक्ति भर

(क) मानिस – मीठो खानुभन्दा राम्रो लाउनु जरूरी छ ।

(ख) मेरा प्यारा साथी —— कुरा — मलाई बढो अचम्म लाग्यो ।

(ग) मेरो विचार —— गाउँ ——मान्छे हुँदैमा अशिक्षित हुँदैन ।

(घ) उहाँ —— गाउँलेहरू —— पाखे भन्नु भयो ।

(ङ) अब सभापतिज्यू — छोटो वक्तव्यपछि सभा विसर्जन हुन्छ ।

(च) —— राम यता आऊ ।

वसन्त–कोकिल

–कविशिरोमणि लेखनाथ पौड्याल

भरी लता–वृक्ष–विषे टनाटन
नवीन लाखौं फूल पालुवाकन ।
वसन्त आयो कलकण्ठको अब
सुनिन्छ साह्रै कलकण्ठ–गौरव ।।

अगाडि जो दीन बनी लुकीकन
बिताउँथ्यो केवल दुःखमा दिन ।
अहो !! उही कोकिल हेर आज यो
प्रमोदले पूर्ण महासुखी भयो ।।

\+ + +

चलीरहेको छ सिरीसिरी हवा
झुलीरहेछन् सब मन्जु पालुवा
जता दियो दृष्टि उतै सुखी मन
प्रमोदले पूर्ण नहोस त्यो किन ?

\+ + +

घरीघरी भुर्र उडी अलिकति
घुमेर शाखान्तरमा यताउति
बडो बहादी रसिकै बनी तहाँ
ढलीमली गर्दछ पालुवामहाँ

चुच्चो ठड्याईकन चट्ट मन्जरी
ठुँगेर च्यापीकन देखिने गरी
फरक्क फर्कन्छ घरी पछिल्तिर
प्रसन्नतासाथ लतारि पुच्छर ।

न शीत–बाधा, न त घामको डर
न बाग भंगा, न त वृष्टिको पिर ।

वसन्तको गौरवले गरीकन
खुशी छ साह्रै कलकण्ठको मन ।

शब्द र अर्थ

कोकिल – कोइली ।
लता – लहरो ।
नवीन – नयाँ, नौलो ।
कलकण्ठ – मीठो स्वर भएको, कोइली ।
दीन – दुःखी ।
प्रमोद – हर्ष, सुख, आनन्द ।
मन्जु – राम्रो, सुन्दर, मनोहर ।
बहाडी – बहार मनपराउने, मनो विनोद अथवा वसन्त ऋतु मनपराउने ।
मन्जरी – बोट, बिरुवा, लहरा आदिमा नयाँ निस्केको कमलो मुना, मुजुरा ।
बाग – बगैंचा ।

नमूना अभ्यास

१. वसन्त ऋतु किन रमाइलो हुन्छ ? बयान गर ।
२. वसन्तमा कोइलीले आफ्नो खुशी कसरी व्यक्त गर्छ, लेख ।
३. "वसन्त कोकिल" कविताको सारांश लेख ।
४. "वसन्त कोकिल" कविता लय हालेर पढ ।
५. **तलका शब्दहरूको अर्थ लेखी छुट्टाछुट्टै वाक्यमा प्रयोग गर**
(क) लता (ख) नवीन (ग) प्रमोद (घ) बाग (ङ) गौरव ।
६. **व्याख्या गर**
वसन्तको गौरवले गरीकन
खुशी छ साह्रै कलकण्ठको मन ।
७. **तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर**
नवीन, कलकण्ठ, गौरव, कोकिल, वृष्टि
८. **तल दिइएका शब्दहरू शुद्ध गरी लेख**
वशन्त, अगाडी, प्रमोड, पुर्ण, मन्जू, अलीकती, बहाडि, प्रशन्न, दृश्टी, खुसो ।

मान्छेको आयु

भगवान् ब्रह्माजी सम्पूर्ण जगत् सृष्टि गरिसकेर ध्यानमा लाग्नु भयो। उहाँलाई संसारका सबै प्राणी सुखी छन् भन्ने विश्वास थियो। धेरै वर्षपछि उहाँको ध्यान खुल्यो। अनि उहाँले सुख–दुःख बारे छलफल गर्न भनी सबै प्राणीको सभा बोलाउनु भयो। त्यस सभामा ब्रह्माजी आफैं सभापति हुनुहुन्थ्यो। धेरै जसो प्राणीहरू खुशीराजी नै देखिन्थे। तर मान्छे, गोरु, गधा, लाटोकोसेराहरू भने अँध्यारो मुख लगाइरहेका थिए। मान्छेलाई आफ्नो आयु कम भयो भन्ने कुरामा

असन्तोष थियो। तर अरू तीन थरीको भने बढी आयु दिएर हामीलाई अन्याय गरियो भन्ने गुनासो थियो।

आफ्नो सन्तानको अँध्यारो मुख देख्दा ब्रह्मालाई दिक्क लाग्यो । अनि उहाँले सबैलाई सम्बोधन गर्दै भन्नुभयो–"मैले सबै प्राणी सुखी रहुन् भनी यो संसार सृष्टि गरेको हुँ । यहाँ कोही दुःखी छ भने अथवा कसैलाई कुनै कुरामा चित्त बुझेको छैन भने यसै सभामा त्यो कुरा भन्नू । म त्यसको उपाय गरिदिने छु ।"

आफ्नो कुरा भनौं कि नभनौं, भनेमा भगवान् रिसाउनु हुने हो कि ? भनी दोमन भैरहेको गोरुलाई आँट आयो । उसले सभामा उभिएर दिक्क मान्दै भन्यो "भगवान् ! हामीले हलोमा जोतिनु पर्छ, गाडामा नारिनु पर्छ, भारी बोकिरहनु पर्छ । त्यसैले मानिसकै बराबरी चालीस वर्षे जिन्दगी हाम्रा लागि ज्यादै लामो र विरसिलो भयो । यसबाट आधा कट्टा गराउन पाए हाम्रो जातिलाई सन्तोष हुने थियो ।"

ब्रह्माजीले सिंहासनबाट उठेर भन्नुभयो– "संसारमा शान्तिको इच्छा राखेर यहाँ भेला भएका हे मेरा प्यारा प्राणी हो ! यी गोरुहरू आफूले पाएको चालीस वर्षको आयु बढी भयो । आधामात्रै गराई पाऊँ भन्छन् । गोरुको आयुबाट बीस वर्ष त झिकिदिउँला । तर यो उसबाट झिकेको बीस वर्ष कसलाई थपिदिउँ ?"

संसारका सबै प्राणीले आफ्नो जीवनको महत्त्व जानिसकेका थिए । गोरुबाट झिकिएका बीस वर्ष थपेर दुःख बेहोर्न को चाहन्थ्यो र ? मान्छे पशुपन्छीभन्दा माथिल्लो श्रेणीको हुँ भन्ठान्ने हुनाले उसलाई आफ्नो चालीस वर्षे आयुदेखि सन्तोष लागेको थिएन । उसले उठेर हात जोड्दै भन्यो–"भगवान् ! मलाई आफ्नो आयु यी तल्ला श्रेणीका पशुपन्छी सरह भएकोमा दुःख लागेको छ । पशुपन्छी र मानिसको बराबर आयु हुनु उचित होइन । भगवान्बाट कृपा गरी त्यो बीस वर्ष आयु मानिसलाई थप बक्से केही सन्तोष मिल्ने थियो ।"

ब्रह्माजीले उसको कुरा स्वीकार गर्नु भयो । अनि मानिसको आयु चालीस-बाट साठी वर्षे भयो । त्यस पछि गधाले पनि आँट गरेर भन्यो– "भगवान् ! हामी गधाहरूले पनि सधैं भारी बोक्नु र पिटाई खानुपर्छ । हामीलाई यो चालीस वर्षको लामो जिन्दगी बोझिलो लाग्यो । त्यसैले हाम्रो आयुबाट पनि बीस वर्ष झिकिपाऊँ ।"

गधाको माग पनि पूरा भयो । उसको आयुबाट पनि बीस वर्ष झिकियो र मानिसले नै त्यो थप पायो । मानिस अब असी वर्षको लामो आयुको भयो । त्यस

पछि फेरि लाटोकोसेरोले बीस वर्ष आयु कट्टा गरिपाउँ भनेर अनुरोध गरचो । भगवान् ब्रह्माजीले मानिसतिर हेरेर मुसुमुसु हाँस्दै भन्नुभयो– "ए मानिस ! अझै नपुगेको भए लाटोकोसेरोको बीस वर्ष आयु पनि तिमीलाई थपिदिउँ कि ?"

अत्यन्त खुसी हुँदै मानिसले बिन्ति चढायो– "महाराज, जिन्दगीको मजा यी पशुपन्छीलाई के थाहा होस् ? यो बढी भएको आयु पनि मलाई नै बक्सियोस् । म खुसीसँग स्वीकार गर्छु ।"

यसरी मानिसको आयु सय वर्षको भयो । उसले जतिसुकै बढी बाँच्न पाए पनि उसको खास आयु चालीस वर्षसम्म मात्र हो । यसकारण चालीस वर्षको उमेरसम्म मात्र ऊ आफ्नो खास आयु भोग्न पाउँछ । त्यसपछि साठी वर्षसम्म गोरुको उमेर लिएकोले जोतिइरहने र चिन्ताको बोझ बोकिरहने भयो । साठीदेखि असीसम्म गधाको उमेर लिएकोले मानिस दुःख सुखले दिन काट्ने र अरूले काम अह्राए मात्र गरिदिने भयो । असीदेखि सयसम्म लाटोकोसेराको उमेर लिएकोले उसको आफ्नै शरीर शिथिल हुन थाल्यो । आँखा धमिलो हुन थाल्यो । राल, सिंगान बग्न थाल्यो र राती निद्रा नलाग्ने भयो । उसको जिन्दगी आफैंलाई बोझिलो हुन थाल्यो । तर अझै मानिसलाई बढी बाँच्ने लोभले भने छाडेको छैन ।

शब्द र अर्थ

सृष्टि – सिर्जना, उत्पत्ति, पैदा ।
ध्यान – चिन्तन, सोचाइ ।
सम्बोधन – बोलाउनु ।
नारिनु – जोडिएर रहनु, जुट्नु, जोतिनु ।
महत्त्व – महिमा, ठूलो कुरा ।
श्रेणी – तह, दर्जा ।
स्वीकार – मंजूरी, मान्नु ।
बोझिलो – गह्रुँगो ।

नमूना अभ्यास

१. ब्रह्माजीले सभा बोलाउनुको कारण लेख ।
२. मान्छे, गोरु, गधा र लाटोकोसेराहरूको के गुनासो थियो, आफ्नै शब्दमा लेख ।

३. चालीसदेखि सय वर्षसम्मको अवस्थामा मानिसले कसरी जिन्दगी बिताउँछ, उदाहरण दिई लेख ।

४. **तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गरी वाक्यमा प्रयोग गर**

ब्रह्मा, सम्पूर्ण, जगत, आँट, लाटोकोसेरो ।

५. **व्याख्या गर**

मलाई आफ्नो आयु यी तल्ला श्रेणीका पशुपन्छी सरह भएकोमा दुःख लागेको छ । पशुपन्छी र मानिसको बराबर आयु हुनु उचित होइन ।

६. **तल दिइएका शब्दहरू शुद्धसँग लेख**

आयू, खुसि, स्रिस्टि, चालिश, गूनासो, थपीदीऊं, वढि, नीन्द्रा, स्विकार, साठि ।

व्याकरण

(१) म घर जान्छु । तिमी काफल खान्छौ ।

माथिका वाक्यहरूमा "म" ले अहिले नै घर जाने काम गर्ने र तिमीले अहिले नै काफल खाने काम गर्ने बुझिन्छ । यसरी अहिले नै हुने काम बुझाउने माथिका वाक्यहरू 'सामान्य वर्तमान काल' का हुन् ।

(२) म घर जाँदो छु । तिमी काफल खाँदिछौ ।

माथिका वाक्यहरूमा "म" को घर जाने काम र "तिमी" को काफल खाने काम पहिले शुरू भएर अहिलेसम्म पनि भइरहेको बुझिन्छ । यसरी पहिले काम शुरू गरेर अहिलेसम्म भइरहेको बुझाउने माथिका वाक्यहरू 'अपुर्ण वर्तमान काल'का हुन् ।

(३) म नाच हेर्न गएको छु । सीताले रोटी खाएकी छन् ।

माथिका वाक्यहरूमा "म" को नाच हेर्ने र सीताको रोटी खाने काम अहिले भइसकेको बुझिन्छ । यसरी काम अहिले भइसकेको बुझाउने माथिका वाक्यहरू 'पूर्ण वर्तमान काल'का हुन् ।

अभ्यास

तल दिइएका वाक्यहरूमा सामान्य वर्तमान, अपूर्ण वर्तमान र पूर्ण वर्तमान छुट्ट्याऊ

(क) संसारका सबै प्राणी सुखी छन् ।

(ख) मान्छे, गोरु, गधा, लाटोकोसेराहरू अघ्याँरो मुख लगाउँदा थिए ।

(ग) यी गोरुहरू आफूले पाएको चालीस वर्ष आयु आधा मात्र गराई पाऊँ भन्दछन् ।

(घ) कसैलाई कुनै कुरामा चित्त बुझेको छैन ।

(ङ) तर मानिसलाई अझै बढी बाँच्ने लोभले भने छोडेको छैन ।

मच्छिन्द्रनाथ

काठमाडौं उपत्यकाका सांस्कृतिक पर्वहरू मध्ये मच्छिन्द्रनाथको यात्रा एक हो। पाटनका राता मच्छिन्द्र र काठमाडौंका सेता मच्छिन्द्र गरी दुई मच्छिन्द्रनाथ छन्। दिनदिनै प्रशस्त नरनारीहरू यिनको मन्दिरमा पूजा गर्न जान्छन्। राता मच्छिन्द्रका दुई ओटा मन्दिर छन्–एउटा पाटन शहरभित्र ताहाबहाल (धर्मकीर्तिमहाविहार) मा र अर्को त्यस शहरको दक्षिणतिरको बुङमति भन्ने ठाउँमा। सेता मच्छिन्द्रको मन्दिर काठमाडौं शहरको मच्छिन्द्र बहालमा छ।

मच्छिन्द्रनाथलाई राजा नरेन्द्रदेवको पालामा उपत्यकामा ल्याइएको हो। हाम्रो इतिहासमा फरक फरक समयमा नरेन्द्रदेव नामका तीन जना राजा पाइन्छन्। ती तीन जनामध्ये दशौं शताब्दीका प्रशिद्ध राजा गुणकामदेवका छोरा नै यी राजा नरेन्द्रदेव हुन्।

भनिन्छ, तिनै राजा नरेन्द्रदेवको पालामा एक बाजी गोरखनाथ रिसाएर नागहरूको आसन गरी बस्दा धेरै समयसम्म उपत्यकामा पानी परेन । पानी विना कुनै उब्जाउ हुनसकेन । सारातिर सुक्खा भयो । राजा नरेन्द्रदेवलाई आफ्नो प्रजाको हालतले छटपटी गरायो । उनी पानी पर्ने उपाएको खोजीमा यत्रतत्र घुम्न थाले ।

यही खोजीमा काठमाडौंका तान्त्रिक आचार्य बन्धुदत्तले भने- नागको आसन गरी बसेका गोरखनाथलाई नउठाई नागहरू फुक्का हुँदैनन् । नागहरू फुक्का नभई पानी पर्दैन । कामरूप कक्षामा भन्ने ठाउँमा गोरखनाथका गुरु योगी मच्छिन्द्रनाथ बस्छन् । उनलाई नेपाल ल्याउन सकेमा गुरु गोरखनाथ उठ्छन् र नागहरू फुक्का भै पानी पर्नेछ।

बन्धुदत्तको सल्लाह बमोजिम राजा नरेन्द्रदेव र बन्धुदत्त ललित भने एउटा नोकरलाई लिएर कामरूप कामाक्षामा गए । त्यहाँ मच्छिन्द्रनाथलाई भेटेर आफ्नो देशमा परेको कठिनाई यथार्थ बताए । तपाईं ले एकपल्ट नेपाल आई गोरखनाथलाई आसनबाट उठाउने उपाय गर्नु परयो भनी राजाले बिन्ति गरे । राजाको आग्रहमा मच्छिन्द्रनाथले नेपालमा आई बसोबास गर्न मन्जुर गरे । तर उनकी आमाले कान्छोलाई टाढा पठाउन्न भनेकीले आमाको आज्ञा नाघ्न नसकी मच्छिन्द्रनाथले म मौका पारी आउँला भनी राजालाई नेपाल फर्कन आग्रह गरे ।

मच्छिन्द्रनाथको सल्लाह बमोजिम राजा, बन्धुदत्त र ललित नेपाल फर्के । आफ्नो कबूल अनुसार केही समयपछि मच्छिन्द्रनाथ पनि नेपाल आएर गोरखनाथ भएका ठाउँमा गए । गुरु आएको देखेर गोरखनाथ उठे । नागहरू फुक्का भए । पानी परयो र सबै हर्षित भए ।

यसबाट मच्छिन्द्रनाथ वास्तवमा एक जना ठूला सिद्ध योगी थिए, उनी गोरखनाथका गुरु थिए र राजाका आग्रहले एकपल्ट नेपाल आएका थिए भन्ने कुरा बुझिन्छ। उनले काठमाडौं उपत्यकालाई भयानक अकालबाट बचाएकोले राजाले उनलाई नेपालमै बस्ने आग्रह गरे । त्यो आग्रह उनले स्वीकार गरे । गुरु गोरख-नाथको जस्तै यिनको पनि हाम्रो जनजीवनमा, जनसंस्कृतिमा गहिरो प्रभाव छ । कुन बौद्ध, कुन हिन्दु, सबै आ-आफना ढङ्गले यिनको उपासना र अर्चना गर्दछन् ।

वर्सेनि मच्छिन्द्रनाथको रथयात्रा गर्ने, उनको पूजा गर्ने, प्रार्थना गर्ने र उनको पुरानो भोटो हेर्ने आदि हाम्रा प्रसिद्ध चाड भएका छन् । मच्छिन्द्रनाथको बाह्र वष यात्रा बडो प्रसिद्ध छ र यो पर्व मनाउन अधिराज्यका कुना-कुनाबाट तीर्थयात्रीहरू आउँछन् ।

राता मच्छिन्द्रनाथलाई सहकालका र सेता मच्छिन्द्रलाई जीवन र मृत्युका देवताको रूपमा हामी नेपालीहरू मान्दछौं ।

अभ्यास

शब्द र अर्थ

उपत्यका	– पहाडले घेरिएको समथर ठाउँ ।
शताब्दी	– सय वर्ष ।
तान्त्रिक	– तन्त्रविद्या जान्ने, तन्त्रविद्या सम्बन्धी ।
कामरूप – कामाक्षा	– आसाम राज्यको पुरानो नाम ।
आग्रह	– बिन्तिभाउ ।
उपासना	– सेवा, पूजा ।
अर्चना	– पूजा, आदर, सत्कार।

नमूना अभ्यास

१. मच्छिन्द्रनाथलाई काठमाडौं उपत्यकामा ल्याउनु किन आवश्यक परेको, कारण खुलाई लेख ।

२. गोरखनाथ र मच्छिन्द्रनाथका मन्दिरहरू कहाँ कहाँ छन्, लेख ।

३. "हाम्रो जनजीवनमा मच्छिन्द्रनाथको गहिरो प्रभाव छ" यो भनाइलाई स्पष्ट गरी लेख ।

४. **तल दिइएका विषयमा १०० शब्दमा नबढाई प्रबन्ध लेख**

(क) भोटो जात्रा (ख) गोरखनाथ

५. तल दिइएका शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गर

(क) खडेरी (ख) श्लेषमान्तक (ग) विराज (घ) अनुरोध
(ङ) उपासना (च) सहकाल ।

६. तल दिइएका वाक्यांशहरूलाई अर्थ खुल्न गरी आफ्नै वाक्यमा प्रयोग गर

(क) हाहाकार हुनु (ख) समाधि कस्नु (ग) निधो हुनु (घ) बसोबास गर्नु
(ङ) मौका पार्नु (च) आग्रह गर्नु ।

७. तलका शब्दहरू शुद्धसँग उच्चारण गर

शताब्दी, आसन, मुन्तिर, उद्धार, छताछुल्ल, गुणकामदेव ।

८. तल दिइएका शब्दहरू शुद्ध गरी लेख

सांस्कृतीक, प्रसष्त, दक्षीण, शताब्दी, तान्त्रीक, मछीन्द्र, जिवन, स्विकार, म्रित्यू, वीराज ।

पितालाई चिट्ठी

मितिः २०३८।४।२८
पाँचतारा छात्रावास,
पोखरा ।

श्री पूज्य पिताज्यू,
सादर दण्डवत् प्रणाम ।

हजूरको श्रावण २० गतेको शिक्षा पत्र हिजो पाएँ। घरमा सबै आराम रहेको र आमालाई पनि फाइदा भएको खबर पाउँदा त अति नै हर्ष लाग्यो । म घरबाट काठमाडौं आउँदा आमालाई सन्चो थिएन । आमालाई छाडेर आउन मलाई ज्यादै कष्ट परेको थियो । तर के गर्नु, पढाई जस्तो कुरो एक दिन मात्रै कक्षामा नगए पनि धेरै पढाई छुट्छ । फेरि पछि त्यहीं पढाई दोहोरचाउन पनि मुश्किलै पर्छ । दाजुहरू पनि त्यहाँ हुनु भएकोले आफ्नो मन आफैंले बुझाएर आएँ । आमालाई कस्तो भयो भनी सधैं चिन्ता लागिरहन्थ्यो । अब आराम भएको खबर सुन्न पाउँदा मन ढुक्क भयो ।

हजूरले मेरो छात्रावासको खाना – पिनाको बारेमा चिन्ता गर्नु पर्ने कुनै कारण छैन । छात्रावासमा खानाको राम्रो बन्दोवस्त छ । एक दिन बिराएर दूध र फुल पालैसँग दिइन्छ । मौसम अनुसारको फलफूल पनि समय समयमा खान पाइन्छ । मासु भने हप्तामा दुई दिन मात्र पाइन्छ । पहिले पहिले सबै जना सँगै बसेर खाँदा अप्ठ्यारो लाग्थ्यो, लाजले खान नसकिने जस्तो हुन्थ्यो । तर अहिले त सबैजना सँगै बसेर खाँदा नै रमाइलो लाग्छ । जस्तो सुकै नमीठो भए पनि साथीहरू-सँग बसेर खाँदा मीठो लाग्ने बानी नै भैसक्यो ।

हाम्रो छात्रावासमा सफा – सुग्घरमा असाध्यै ध्यान दिइन्छ । त्यसैले नमीठो भए पनि खानेकुरा खाउँ खाउँ जस्तो हुन्छ । प्रत्येक शुक्रबार एक जना डाक्टर हाम्रो स्वास्थ्य परीक्षण गर्न आउँछन् । त्यसैले मेरो स्वास्थ्य बारे हजूर र आमाले कुनै चिन्ता लिनु पर्दैन ।

प्रत्येक महिनामा हाम्रो जाँच हुन्छ । त्यसैले सधैंभरी पढाइमा उत्तिकै तयारी गर्नुपर्छ । अहिलेसम्म त सबै परीक्षामा राम्रो नम्बर ल्याएको छु हेर्रौं । अब के हुन्छ ?

श्री पूज्य आमा तथा दाजुमा मेरो सादर दण्डवत् । भाइ बहिनी सबैलाई मेरो धेरै सम्झना छ । हजूरको आरामी पत्र छिटै पाउने आशा गर्दै विदा हुन्छु ।

हजुरको आज्ञाकारी पुत्र
कालुराम चौधरी

शब्द र अर्थ

सादर – आदर सहित, सम्मानका साथ
प्रणाम – ढोग, दर्शन, पाउलागी
शिक्षा-पत्र – अर्ती, उपदेश भएको चिट्ठी

नमूना अभ्यास

१. चिट्ठी पाएर कालुराम खुशी हुनाको मुख्य कारण के थियो, लेख ।
२. कालुरामको छात्रावासमा खानापिनाको के कस्तो व्यवस्था छ आफ्नै शब्दमा लेख ।
३. कालुरामले छात्रावास मन पराउनाका कारणहरू के के हुन्, बयान गर ।
४. कालुरामले छात्रावासको खाना नमीठो लागेकोले घर फर्कौं कि भनी चिट्ठी लेखेको भए उसलाई कस्तो जवाफ लेख्नु पर्ला ? आमाको भाकाबाट कालुराम-लाई एउटा चिट्ठी लेख ।
५. कालुरामको चिट्ठी पढी त्यसमा भएको मुख्य मुख्य कुराहरू बयान गर ।
६. छात्रावासको गतिविधिको जानकारी दिने उद्देश्यले तिम्री बहिनीलाई चिट्ठी लेख ।
७. **तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गरी प्रयोग गर**

पूज्य, प्रणाम, दण्डवत्, छात्रावास, सफा–सुग्घर

८. **तल दिइएका शब्दहरू शुद्ध गरी लेख**

हजुर, सिक्षा, हर्स, कस्ट, मुश्कील, अनूसार, फलफुल, सुक्रबार, तयारि, शादर ।

व्याकरण

(क) छोरो मामाघर गयो ।

(ख) छोरी मामाघर गई ।

(ग) घर खाली भयो ।

माथिका वाक्याहरूमा

(क) मा छोरो शब्दले पुरुष जाति बुझाउँछ । त्यसैले छोरो शब्द पुलिङ्ग हो ।

(ख) मा छोरी शब्दले स्त्री जाति बुझाउँछ । त्यसैले छोरी शब्द स्त्रीलिङ्ग हो ।

(ग) मा घर शब्दले निर्जीव वस्तु बुझाउँछ । त्यसैले घर शब्द नपुंसक लिङ्ग हो ।

अभ्यास

१. **तल दिइएका शब्दहरू पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा बदल**

आमा, मामा, कान्छा कुखुरी, घोडा ।

२. **तल दिइएका वाक्यहरूमा चिन्हो लगाइएका शब्दको लिङ्ग छुट्याऊ**

(क) आमालाई फाइदा भएको खबर पाउँदा त अति नै हर्ष लाग्यो ।

(ख) पिता र दाजुहरू पनि त्यहाँ हुनु भएकोले आफ्नो मन आफैं बुझाएर आएँ ।

(ग) हाम्रो छात्रावासमा सफा-सुग्घरलाई असाध्यै ध्यान दिइन्छ ।

(घ) भाइ बहिनी सबैलाई मेरो धेरै सम्झना छ ।

बालक ध्रुव

राती आकाशमा उत्तरतिर हेरचो भने सात वटा ताराको एउटा प्रश्न चिन्ह ? जस्तो बनेको समूह देखिन्छ । यस समूहलाई सप्तर्षि तारामण्डल भन्दछन् । सप्तर्षि तारामण्डलले यसभन्दा अलि पर रहेको एउटा चम्किलो तारालाई घुमिरहेको हुन्छ । त्यो चम्किलो तारा ध्रुवतारा हो । ध्रुवतारा एकै ठाउँमा रहिरहन्छ । त्यो तारा देख्नासाथ हामी बालक ध्रुव र उनले गरेका कामहरू सँझिन्छौं ।

धेरै–धेरै वर्ष अघि उत्तानपाद नामक एक जना राजा थिए । उनका दुई रानीहरू थिए । जेठी रानीको नाम सुनीति र कान्छी रानीको नाम सुरूचि थियो । रानी सुनीति पट्टिका राजकुमार ध्रुव थिए । कान्छी रानी पट्टिको राजकुमार उत्तम थिए । कान्छी रानीको कुनै कुरा पनि राजा नाघ्न सक्तैनथे । इच्छा हुँदा हुँदै पनि जेठी रानी सुनीतिलाई माया गर्न सक्दैनथे । देख्ता राम्री भएता पनि कान्छी रानी डाडे स्वभावकी थिइन् । उनी ध्रुवको सट्टा आफ्नो छोरा उत्तमलाई राजा तुल्याउने कोशिशमा थिइन् ।

एक दिन राजा उत्तानपाद आफ्नो सभामा बसिरहेका थिए । कान्छी रानी पनि राजा सँगै सिंहासनमा बसेकी थिइन् । उनीहरूको काखमा राजकुमार उत्तम खेलिरहेका थिए । ध्रुव पनि खेल्दै खेल्दै त्यहीं पुगे । भाइलाई बुबाका काखमा देखेर उनलाई पनि बुबाको काखमा जाउँ जाउँ लाग्यो र बुबाको नजिकै गएर टुलु टुलु हेर्न लागे । बालक ध्रुव सुन्दर थिए । "हुने विरुवाको चिल्लो पात" भने झैं उनको स्वभाव पनि सरल थियो । राजाले माया गर्दै उनलाई आफ्नो काखमा लिए । तर सुरूचिले उनलाई झट्कारेर काखबाट ओह्रालिन् र भनिन्– ध्रुव! तँ आफू बस्ने अधिकारै नभएको ठाउँमा किन बस्न खोज्छस् ? यस काखमा बस्न ज्यादै धर्म गर्न सक्नु-पर्छ । तैंले धर्म गर्न सकेको भए त मेरो कोखमा जन्म लिने थिइस् । अनि यो काखमा बस्न पाउने थिइस् । तँ उत्तमको दाँजोमा कहिल्यै पुग्न सक्तैनस् । महाराजको काखमा बस्ने इच्छा छ भने ईश्वरसँग मेरो कोखमा जन्म लिने वरदान माग । अनि मात्र अर्को जुनीमा युवराज हुन पाउने छस् । अनि उनले राजालाई पनि आँखा तरेर हेरिन् । राजसभामा भएका सबै जनाले नराम्रो माने । तर बोल्ने कसैको हिम्मत थिएन ।

बालक ध्रुव दुखित भए, तर उनी ज्यादै सहनशील थिए। उनी रूनु कराउनु नगरीकन चूपचाप आफ्नो आमा कहाँ गए। भएको घटना आमासँग सबै बयान गरे। सुनीतिले पनि आफ्नो छोरालाई धैर्य दिंदै भनिन्– बाबु ! दिक्क नमान ! धैर्य गर। तिमी राजाको काख भन्दा ठूलो काखमा बस्न पाउने कोशिश गर। भगवान्को सम्झना गर। मिहिनेतले ईश्वर खुशी हुन्छन् र ठूलो पदको वरदान दिन्छन्।

ध्रुवलाई आमाको अर्तीले निक्कै प्रभाव परेको। आमा निदाएको मौका पारी मध्य रातमा उनी घर छोडी हिंडे। ईश्वरका वरदान लिई बाबुको भन्दा ठूलो काखमा बस्ने उनको उद्देश्य थियो। कहाँ जाउँ ? के गरूँ ? कसरी भगवान्लाई खुशी पार्न सकिएला ? त्यही ध्यानमा ध्रुव हिंड्नथाले। उनलाई खानु सुत्नुका वास्ता पनि रहेन। उनी दिनहुँ नदीमा नुहाउँथे र फलफूल खोजेर खान्थे।

यसरी एउटै भगवान्मा मात्र ध्यान लगाएर एकोहोरो भएर बस्दा बस्दा एक दिन ईश्वर खुशी भएर उनलाई ध्रुवलोकको राज्य वरदान दिनु भयो। भगवान्को वरदान पाएर ध्रुव समर्थ भै घर फर्के।

आफ्नो व्यवहारले गर्दा यता राजा उत्तानपाद 'न्याउरी मारी पछितो' भने झैं ध्रुव हराएको चिन्तामा परिरहेका थिए। उनले ध्रुवलाई खोज्न जताततै मानिस

पठाए । उनीहरूले ध्रुवलाई भेटेर राजा कहाँ लिएर आए । राजालाई पनि आफ्नो बेपत्ता भएको छोरो ईश्वरको वरदान पाएर अझ बुद्धिमान र विचारवान भएर आएको देखेर ढुङ्गो खोज्दा देउता मिले झैं भयो । उनी खुशी भए । केही दिनपछि नै ध्रुवलाई राज्य दिएर राजा उत्तानपादले फुर्सत लिए ।

यसरी ध्रुवले धेरै वर्षसम्म पृथ्वीमा राज्य गरे । पछि उनी ज्युँदै ध्रुवलोक गई त्यहाँको पनि राजा भए । उनको राज्यलाई ध्रुवलोक भनिन लाग्यो । उत्तर पट्टी आकाशमा सधैं देखिरहने ध्रुवतारालाई नै ध्रुवलोक भनिन्छ । आफ्नो मिहिनेत र ईश्वरका कृपाले गर्दा ध्रुवको यो ध्रुवलोकको राज्य कहिल्यै नासिन्न । आकाशमा यो चमकिलो ध्रुवतारा देखुन्जेल बालक ध्रुवलाई कसैले पनि बिर्सन सक्दैन ।

शब्द र अर्थ

समूह	– जमात, भेला
सप्तर्षितारा मण्डल	– सात वटा ताराको लहर
हुने बिरुवाको चिल्लो पात	– पछि असल हुने लच्छिन् ।
राजसभा	– राजाको सभा ।
हिम्मत	– आँट, फूर्ति ।
सहनशील	– खूब सहन सक्ने बानी भएको ।
वरदान	– आसीक ।
उद्देश्य	– लक्ष्य, तारो ।
ध्याउन्न	– कुनै काममा लागिरहनु ।
समर्थ	– लायक, योग्य ।
व्यवहार	– कामकाज, चालचलन ।
विचारवान	– विचार गर्न सक्ने ।

नमूना अभ्यास

१. ध्रुवतारा कुन ठाउँमा कसरी देखिन्छ, बताऊ ।

२. सुरूचिको स्वभावले गर्दा बालक ध्रुव किन दुखित भए, आफ्नै शब्दमा लेख ।

३. सुनीतिले आफ्नो छोरालाई कसरी धैर्य दिइन्, बयान गर ।

४. ध्रुवको उद्देश्य के थियो ? त्यो कसरी पूरा भयो, लेख ।

५. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर

(क) जाउँ –जाउँ लाग्नु ।
(ख) टुलुटुलु हेर्नु ।
(ग) हिम्मत नहुनु ।
(घ) एकोहोरो हुनु ।
(ङ) बिर्सन नसक्नु ।
(च) ढुङ्गो खोज्दा देउता मिल्नु ।

६. "बालक ध्रुव "पाठको सारांश लेख ।

७. तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर

सप्तर्षि, उत्तानपाद, तुल्याउने, डाडे, जतातते ।

८. तल दिइएका शब्दहरू शुद्ध गरी लेख

राटि, शमूह, रानि, बीरुवा, हीम्मट, अर्टी, बर्श, उनि, कहीले, चम्कोला ।

व्याकरण

१. श्याम भात खान गयो । सीता पढ्न गइन् ।

माथिका वाक्यहरूमा श्यामको भात खान जाने काम र सीताको पढ्न जाने काम सामान्य रुपले अघि भएको बुझिन्छ । काम अघि भएको बुझाएकोले माथिका वाक्यहरू सामान्य भूतकालका वाक्यहरू हुन् ।

२. दीपा जाँच दिन गएकी थिई । रामले किताब दिएको थियो ।

माथिका वाक्यहरूमा दीपाले जाँच दिन जाने काम र रामले किताब दिने काम अघि नै गरिसकेको बुझिन्छ । काम अघि नै भैसकेको बुझाएकोले माथिका वाक्यहरू पूर्ण भूतकालका वाक्यहरू हुन् ।

३. **सानी गीतमा पहिला हुनेछ। दीपकले किताब किन्नेछ।**

माथिका वाक्यहरूमा सानी गीतमा पहिला हुने र दीपकले किताब किन्ने काम पछि हुने भन्ने बुझिन्छ। काम पछि हुने भन्ने बुझाएका वाक्यहरू सामान्य भविष्यत कालका वाक्यहरू हुन्।

अभ्यास

तलका वाक्यहरूमा सामान्य भूतकाल, पूर्ण भूतकाल र सामान्य भविष्यतकाल छुट्ट्याऊ

(क) धेरै धेरै वर्ष अघि उत्तानपाद नामका एक राजा थिए।

(ख) राजा उत्तानपाद कान्छी रानीलाई साथमा लिएर सिंहासनमा बसेका थिए।

(ग) ध्रुव पनि खेल्दै खेल्दै त्यहीँ पुगे।

(घ) अनि मात्र अर्को जुनीमा युवराज हुन पाउने छस्।

इच्छा

नपालूं म चिन्ता सधैं हूँ प्रसन्न,
न साह्रै निदाऊँ, बनी कुम्भकर्ण,
लिऊँ ठिक्क आहार, संतुष्ट हूँ म,
रहूँ नित्य सन्चै बिरामी न हूँ म !

(१)

नफालूँ म बेला, गरूँ नित्य केही,
म थाके नपाकूँ, रमाउँ म केही,
नखोसूं अरूको खुशी, भै नजाती,
म साथी बनाऊँ रहूँ योग्य साथी !

(२)

न खर्चालु हूँ म, न हूँ क्यै नशालु,
सधैं शिष्ट आचारमा हूँ सिपालु,
म हूँ स्वावलम्बी र हूँ स्वाभिमानी,
जिऊँ शान्ति संतोषको जिन्दगानी !

शब्द र अर्थ

प्रसन्न – खुशीराजी ।
कुम्भकर्ण – बढी सुत्ने, सुताहा ।
आहारा – भोजन, खानेकुरो
संतुष्ट – संतोषी ।
योग्य – लायक, समर्थ ।
नशालु – मादक पदार्थ खाने, नशा लाग्ने वस्तु खाने, अम्मली ।
शिष्ट – भलाद्मी, असल ।
आचार – चाला, चालचलन ।

स्वावलम्वो – आफूमै भर पर्ने, आत्मनिर्भर ।
स्वाभिमानी – आफैंमा गर्व गर्ने, म पनि त केही हुँ भन्ने भावना भएको ।

नमूना अभ्यास

१. यस कवितामा तिमीलाई ज्यादै मन परेका ती नौटा इच्छा कुन कुन हुन्, कारण समेत दिई लेख ।

२. (क) "इच्छा" कविताको सारांश लेख ।
(ख) योग्य साथी बन्न र बनाउन के गर्नुपर्छ ?

३. **तलका शब्दहरू वाक्यमा प्रयोग गर**
(क) चिन्ता (ख) खर्चालु (ग) सिपालु (घ) स्वावलम्बी (ङ) स्वाभिमानी

४. **व्याख्या गर**
म हुँ स्वावलम्बी र हुँ स्वाभिमानी
जिउँ शान्ति सन्तोषको जिन्दगानी ।

५. "इच्छा" कविता लय हालेर पढ

६. **तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर**
सुर्ता, कुंभकर्ण, ठिक्क, सन्तुष्ट, श्रमी

७. **तल दिइएका शब्दहरू शुध्द गरी लेख**
प्रसन्न, बीरामि, दीक्क, नसालु, शिश्ट, स्वाभीमानी, जीन्दगानी नमिठा जोद्दी, नमील्दा

शिक्षा प्रेमी शंकरदेव

शंकरदेवको जन्म वि.सं. १९६६ को असार महीनामा भएको थियो । उनका बाजेको नाम वाचस्पति र बाबुको नाम जयदेव थियो । शंकरदेव सातै वर्षको हुँदा उनकी आमाको स्वर्ग-वास भयो। उनी नौ वर्ष पुग्दा नपुग्दै उनका बाबुले पनि छाडेर गए। टुहुरा शंकरदेवको हेर-विचार उनका मावलीबाट हुन थाल्यो । बालक-कालदेखि नै पढाइमा उनको निकै रुचि थियो । 'हुने बिरुवाको चिल्लो पात' भने झैं आफूभन्दा ठूलाले भनेका कुरा उनी कहिल्यै बिर्सन्नथे । एक दिन आफ्ना साथीहरूले अंग्रेजी पढिरहेको देख्दा उनलाई पनि अंग्रेजी पढ्न मन लाग्यो । त्यस बेलासम्म उनी संस्कृत र नेपाली मात्रै पढ्थे ।

त्यसबेला दरबार हाईस्कूल मात्र एउटा हाईस्कूल थियो । त्यहाँ हाईस्कूल (मा०वि०) मा शंकरदेवलाई उनका मामाले भर्ना गराए । अंग्रेजी पढ्ने इच्छा पूरा भएकोले उनलाई असाध्यै खुशी लाग्यो। उनी अब झन् झन् मिहिनेत गरेर पढ्न लागे। उनको पढाईपट्टिको लगनशीलता देखेर सबै गुरुहरू छक्क पर्दथे। उमेर सानै भए पनि उनको विचार ठूलो थियो। समाजका गरीब, अशिक्षित र रोगी दाजु-भाइलाई देख्दा उनी छट्पटिन्थे । हामीले धेरै पढ्नु पर्छ, ठाउँ ठाउँमा विद्यालयहरू खोल्नुपर्छ, नपढेकोलाई पढाउनु पर्छ र दुःखीको आँसु पुछ्नु पर्छ भन्ने उनको विचार थियो । उनको गहिरो भावना र विचारले गर्दा नै उनका साथीहरू उनलाई आदर गर्दथे ।

दरबार हाईस्कूल (हालको भानु मा. वि.) बाट एस. एल. सी. पास गरेपछि उनी त्रि–चन्द्र कलेजमा भर्ना भए। जुन बेला शंकरदेव बी.ए. पढ्दै थिए, त्यसै बेला उनले आफ्ना साथीहरूसँग मिलेर एउटा पुस्तकालय खोल्ने इच्छा गरे । उनको कुरामा सबैको चित्त बुझ्यो । साथीहरूले उनको यस्तो राम्रो विचारको खूब सह्रानी गरे ।

पुस्तकालय खोल्न लागेको कुरा त्यस बेलाका राणा शासकहरूले थाहा पाएर उनीहरूलाई एक एक सय रूपैयाँ जरीवाना गरे । राणा शासकहरूको दृष्टिमा पुस्तकालय खोल्नु ठूलो अपराध मानिन्थ्यो । पुस्तकालय खोलेपछि जनताका छोरा बाठा हुन्छन् । हामीले भनेको टेर्दैनन् भन्ने उनीहरूको विचार थियो ।

यस घटनाले सोझा, अध्ययनशील शंकरदेवको आँखा खुले । त्यस दिनदेखि उनी झन् चिन्तनशील हुनथाले । यसरी थिचोमिचोमा पिल्सिएका जनतालाई शिक्षित बनाउने के उपाय हुन सक्ला भन्ने विचारले उनी रात दिन छट्पटाउन थाले । एक दिन उनी बंगाली कवि रविद्रनाथको मेरो स्कूल भन्ने निबन्ध पढ्दै थिए । निबन्ध अध्ययनबाट उनमा ठूलो प्रभाव परयो । रविन्द्रनाथले जस्तै देशमा विद्यालयहरू खोलेर शिक्षाको विकास गर्ने उनले अठोट गरे । दिनभर काम गरेर बिहान अथवा बेलुका पढ्न चाहने विद्यार्थीहरूको निम्ति उनले २००८ सालमा नेशनल कलेजको स्थापना गरे । यसै कलेजमा नेपालको सर्वप्रथम एम. ए. सम्मको पढाइ शुरू भएको हो । त्यस कलेजको सञ्चालनको जिम्मा उनले आफ्नै हातमा लिए । अनि यसै कलेजमा जीवनको अन्तिम बेलासम्म पनि उनि सेवा गर्दै रहे ।

उनि अत्यन्त स्वाभिमानी र निर्लोभी थिए। आफ्नो समाज सेवाको बदला उनी कुनै किसिमका पुरस्कारको आशा राख्तैनथे। जीवनको अन्तिम घडीमा उनले भनेका थिए "जीवनभर सकेको जति गरें। अब केही बाँकी भए जस्तो लाग्दैन । म मरे पनि मेरो आत्मा महाविद्यालयको वरिपरि घुमिरहने छ।"

साँच्चै नै आज शंकरदेव यस संसारमा छैनन् । उनले आफ्नो सक्दो त्याग र तपस्याद्वारा शिक्षाको ज्योति फैलाए । नेपाल आमाको मुहार हँसिलो पार्ने काममा उनी कहिल्यै थाकेनन् । शिक्षाको प्रचार र प्रसार गरेर नेपाली जनताको अज्ञान हटाउने काममा उनी सधैं लागिरहे । उनले देशलाई लगाउनुसम्म ऋण लगाएर गए । मानिस भएर जन्मेपछि आफ्नो निम्ति मात्र होइन, समाजकै निम्ति आफूलाई समर्पण गर्नुपर्छ भन्ने पाठ पनि उनले सिकाए ।

शंकरदेवको यस्तो निःस्वार्थ सेवा देखेर उनलाई अमर पार्न उनैले खोलेको नेशनल कलेजको नाम नै शंकरदेव क्याम्पसमा बदलिएको छ। यही क्याम्पसमा आज हजारौं विद्यार्थीहरूले उच्च-अध्ययन गर्ने अवसर पाइरहेका छन् । आज पनि

शंकरदेव क्याम्पसको प्राङ्गणमा पुग्ने हरेक व्यक्तिको शिर उनि प्रति श्रद्धाले निहुरन्छ र म पनि देशको निम्ति केही गर्न सकूँ भन्ने भावना लिएर ऊ घर फर्कन्छ ।

शब्द र अर्थ

स्वर्गवास हुनु – मर्नु ।
लगनशीलता – लागिरहने बानी ।
आँसु पुछ्नु – खुशी तुल्याउनु, दुःख हटाउनु, सान्त्वना दिनु ।
सह्रानी गर्नु – प्रशंसा गर्नु ।
अध्ययनशील – पढिरहने बानी भएको ।
चिन्तनशील – सोचिरहने बानी भएको ।
समर्पण गर्नु – सुम्पनु

नमूना अभ्यास

१. शंकरदेवको हेरविचार कसबाट भयो, कारण सहित लेख ।
२. शंकरदेवलाई उनका साथीहरूले किन आदर गर्थे, लेख ।
३. शंकरदेव र उनका साथीहरूको पुस्तकालय खोल्ने उद्देश्य किन पूरा भएन, बयान गर ।
४. शंकरदेव कस्ता विचारका मानिस थिए, आफ्नै शब्दमा लेख ।
५. तल दिइएका विषयमा छोटो प्रबन्ध लेख
(क) श्री ५ पृथ्वीनारायण शाह (ख) भानुभक्त ।
६. तल दिइएका वाक्यांशहरूको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर
(क) जीवनको अन्तिम घडी (ख) प्रचार र प्रसार गर्नु
(ग) अज्ञान हटाउनु (घ) ऋण लगाउनु
(ङ) श्रद्धाले निहुरनु
७. तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर
चित्र, जोड, समर्पण, ज्योति, बत्ती, प्राङ्गण

८. तल दिइएका शब्दहरू शुद्धसँग लेख

टूहूरा, अंग्रेजि, पुरा, खुसि, जरिवाना, छूटकारा, स्वाभिमानि, नीर्लोभि, समर्पन, शीर ।

व्याकरण

१. म गर्छु । तिमीसँग कलम छ । पानी पर्छ ।

माथिका वाक्यहरू–'म गर्छु, तिमीसँग कलम छ र पानी पर्छ' ले केही कुरा हुन्छ भन्ने अर्थ बुझाउँछन् । त्यसैले यी वाक्यहरूका 'गर्छु, छ र पर्छ' करण क्रिया हुन्

२. म गर्दिन । तिमीसँग कलम छैन । पानी पर्दैन ।

माथिका वाक्यहरू – म गर्दिन, तिमीसँग कलम छैन र पानी पर्दैन ले केही कुरा हुँदैन भन्ने अर्थ बुझाउँछन् । त्यसैले यी वाक्यहरूका 'गर्दिन, छैन र पर्दैन' अकरण क्रिया हुन् ।

अभ्यास

१. तलका वाक्यमा करण र अकरण क्रिया छुट्टचाऊ

(क) आफू भन्दा ठूलाले भनेका कुरा उनी कहिले विर्सन्नथे ।

(ख) उनको गहिरो भावना र विचारले गर्दा नै उनका साथीहरू उनलाई आदर गर्दथे ।

(ग) यस घटनाले सोझा अध्ययनशील शंकरदेवका आँखा खुले ।

२. तलको अनुच्छेदका वाक्यहरूमा काल छुट्टचाऊ

उनी अत्यन्त स्वाभिमानी र निर्लोभी थिए । आफ्नो समाज सेवाको बदला उनी कुनै किसिमका पुरस्कारको आशा राख्तैनथे । जीवनको अन्तिम घडीमा उनले भनेका थिए– "जीवनभर सकेको जति गरें । अब केही बाँकी भए जस्तो लाग्दैन । म मरे पनि मेरो आत्मा महाविद्यालयको वरिपरि घुमिरहनेछ ।

विजयपुरका बूढा सुब्बा

धेरै धेरै पहिले मिथिला (हाल जनकपुर) देशमा एक जना राजा थिए। उनको नाउँ परंतप थियो। उनी दानधर्म, तप, पूजा खूब गरिरहन्थे। एकपल्ट उनलाई अश्वमेघ यज्ञ गर्ने इच्छा लाग्यो। यो यज्ञ गर्न चारैतिरका राजाहरूलाई जितेर उनीहरूसँग धन असुल गर्नु पर्थ्यो। त्यही धनले अश्वमेघ गर्न सकिन्थ्यो। अश्वमेघ यज्ञ गर्न निकै खर्च लाग्थ्यो। त्यसको लागि एउटा श्यामकर्ण घोडा छोडिन्थ्यो। त्यसको निधारमा 'फलाना देशका राजाले अश्वमेघ यज्ञ गर्न इच्छा गरेकाछन्। उनको अधीन रहन कबूल गर्ने देशले कर तिरी यज्ञ सफल पार्नु। अधीन रहन स्वीकार नगर्नेले लडाईं गर्न तयार रहनु' भनेर लेखिएको हुन्थ्यो। त्यस घोडाको पछि पछि राजाका फौज लडाईंका बाजा बजाउँदै हिंड्दथे। राजाका लस्कर देखेर डराउने अरू राजाहरू तुरून्तै कर लिएर राजाकहाँ गई अधीनता स्वीकार गर्थे। जो त्यस राजाको अधीनमा रहन चाहन्नथ्यो, उसले त्यस घोडालाई समात्दथ्यो। त्यसपछि दुवै थरीको माझमा घमासान लडाईं हुन्थ्यो।

मिथिलाका राजाले अश्वमेघ यज्ञ गर्न घोडा छोडेर दश दिशाका राजालाई आफ्नो अधीन गरे। त्यसपछि उनले यज्ञ गर्ने तयारी गरे। राज–ज्योतिषीलाई देखाउँदा उनीहरूले सो यज्ञ चुलाचुली भन्ने पहाडमा गर्नुपर्छ भनेर सल्लाह दिए। यज्ञको मण्डप बनाउन पहाडको चुचुरोलाई पाँच तल्लाजति खनी झिकेको चोखो माटो चाहिन्छ भने। पहाडको चुचुरोलाई पाँच तल्ला खार्नु चानचुने कुरो थिएन। यस्तो गर्न सक्ने मानिस कहाँ पाउनु भनेर राजा चिन्तामा परे।

"तँ आट् म पुर्‌याइदिन्छु" भने झैं यो कामको जिम्मा राजाकै भाइ भीमवन्तले लिए। भीमवन्त साँच्चै भीमसेन जस्तै बलिया थिए। उनी हनुमान झैं वीर भएकाले उनलाई कोही हनुमन्त पनि भन्थे।

उनले पहाडको चुचुरोलाई पाँच तल्लाजति खार्ने जिम्मा लिएपछि राजालाई "ढुङ्गो खोज्दा देउता मिले" झैं आनन्द भयो। भीमवन्त कम्मर कसेर पहाड खार्न लागे। उनी पहाडका एउटा चुचुरो काट्दै जान्थे, यता यज्ञको मण्डप पनि बन्दै जान्थ्यो। आखिर पहाडमाथि विजय गरेकाले यस ठाउँलाई विजयपुर भन्ने

नाउँ राखे । त्यो ठाउँ तिनै पहाड सम्माउने कामदारहरूलाई वितादिए । उहिले सतीदेवीको दन्तपतन भएको त्यसै ठाउँमा भीमवन्तले दन्तकालीको मन्दिर पनि बनाए । यो मन्दिर कोशी अञ्चल सुनसरी जिल्लाको धरानमा पर्दछ ।

यसरी दन्तकालीको स्थापना भएपछि राजाको अश्वमेघ पनि सकियो । सुनमा सुगन्ध फैलिए झैं विजयपुरको नाउँ अब झन चल्यो । यही ख्याति सुनेर एक

दिन लिम्बूहरूका देउटा बूढा सुब्बा आफ्नो सुब्बिनीका साथ घुम्दै घुम्दै विजयपुर आए । उनी शिकारी थिए । गुलेली मट्याङ्ग्रा खेल्दै उनी कति पल्ट त्यहाँ पहिले पनि आएका थिए । उनी यसपल्ट आउँदा त अजङको डाँडो समथर बनिसकेको रहेछ । उनी छक्क परे । बुढा सुब्बालाई शिकार खेल्न मन गर्दै आएको थियो । विजयपुरको

यो समथर डाँडा देखेर उनको मन यसतिरबाट झन् हटचो । उनले आफ्नो मट्याङ्ग्राहरू त्यहीं थुपारे । आफ्नो गुलेली त्यहीं एक ठाउँमा गाडेर आफू पनि एकतिर पुगे ।

बूढा सुब्बाले गाडेको त्यो बाँसको गुलेली पछि बाँसको झाङका रूपमा फैलियो। गुलेलीबाट झाङिएकोले यहाँको बाँसको टुप्पो काटिएको ठुटो झैं देखिन्छ । बूढा सुब्बाका मट्याङ्ग्रा आज पनि त्यहाँ कतै कतै पाइन्छन् भन्दछन् । विजयपुरमा बूढा सुब्बा र सुब्बिनीको मन्दिरमा पर्व पर्वमा मेला लाग्छ । उनीहरू बूढा सुब्बा र सुब्बिनीलाई देवता झैं पूजा गर्छन्, ज्यादै मान्छन् । आज भोलि पनि राती बूढा सुब्बा घोडामा चढेर शिकार खेल्न बन डुल्छन् भन्ने विश्वास उनीहरू गर्छन् ।

शब्द र अर्थ

अश्वमेघ – घोडाको बलि दिएर गरिने विशेष प्रकारको एक ठूलो यज्ञ
श्यामकर्ण – काला कान भएको सेतो घोडा ।
कर – तिरो, शुल्क, दस्तुर ।
अधीन – वशमा परेको ।
चुलाचुली – चुलाचुली नामक पौराणिक पर्वत, पाँचथरबाट शनिश्चरेतिर जाँदा पश्चिम – दक्षिण कुनामा पर्ने लामो पहाड ।
मण्डप – सप्ताह, यज्ञ आदि शुभ कार्य गर्न विशेष किसिमले बनाइएको बस्ने ठाउँ ।
विर्ता – कसैलाई पनि तिरो भरो नगरी खान पाइने जग्गा ।
सतीदेवी – महादेवकी जेठी स्वास्नी ।
दन्तपतन – दाँत झर्नु ।
गुलेली – मटघाङ्ग्राले हानेर चरा – चुरुङ्गीको शिकार गरिने एक किसिमको धनुष ।
मटघाङ्ग्रा – माटाका गुच्चा ।
अजङ्ग – खूब ठूलो, डरलाग्दो ।
समथर – सम्म परको ठाउँ, मैदान, जग्गा ।
पर्व – विशेष दिन, उत्सव, चाड ।

नमूना अभ्यास

१. राज ज्योतिषीले राजालाई के सल्लाह दिए, आफ्नै शब्दमा लेख ।
२. अश्वमेघ यज्ञ गर्न खोज्ने राजा र अरू राजाहरू बीच घमासान लडाई हुनाको कारण लेख ।
३. विजयपुर नाम रहनाको कारण के हो, लेख ।
४. बूढा सुब्बा र सुब्बिनी विजयपुर किन आए, कारण लेख ।
५. विजयपुर आईपुग्दा बूढा सुब्बाको मनमा कस्तो प्रभाव परयो र उनले के गरे, बयान गर ।

६. **तलका उखान टुक्काको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर**

(क) न्याउरी मारी पछितो ।

(ख) सुनमा सुगन्ध ।

(ग) राजा सबैका साझा ।

(घ) हिम्मत हार्नु ।

७. यस पाठको पहिलो अनुच्छेदको सारांश लेख ।

८. यस कथाको सारांश लेख ।

९. **तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर**

मिथिला, तप, जितेर, ज्योतिषी, तयारी

१०. **तल दिइएका शब्दहरू शुद्धसँग लेख**

मीथीला, नीधार, बलीया, ज्योतीशि, चानचुने, विर, गुलेली, शीकार भिमसेन, मन्दीर ।

व्याकरण

१. रामले घोडा देखेको छ । हामीले बस चढेका छौं । रमा रोटी पकाउँछिन् । तिमीहरू चाँडै आयौ ।

माथिका वाक्यहरूमा

रामले, हामीले, रमा र तिमीहरू कर्ता हुन् । हामीले उत्तम पुरुष, राम र रमा प्रथम पुरुष र तिमीहरू मध्यम पुरुषका शब्द हुन् । देखेको छ, चढेका छौं, पकाउँछिन् र आयो– क्रियापद हुन् । माथिका वाक्यहरूमा लिङ्ग, वचन र पुरुष एकै छ । यसरी वाक्यमा लिङ्ग, वचन र पुरुषको मेल हुनुलाई पदमेल भन्दछन् ।

अभ्यास

तल दिइएका खाली ठाउँमा मिल्दो पद राखी पूरा वाक्य बनाऊ

(क) धेरै धेरै पहिले मिथिला देशमा एक जना राजा . . . . . ।

(ख) उनका नाउँ परंतप . . . . . ।

(ग) उनी दान, धर्म, तप, पूजा, खूब . . . . . ।

(घ) राजाका लस्कर देखेर डराउने अरू राजाहरू तुरून्तै कर लिएर . . . . . कहाँ गई अधीनता स्वीकार . . . . . ।

(ङ) मिथिलाका राजाले अश्वमेघ यज्ञ गर्न घोडा छोडेर दश दिशाका . . . . . लाई . . . . . अधीन . . . . . ।

२. **म भात खान्छु ।**

माथिको वाक्यलाई परिवर्तन गर्दा – "हामीहरू भात खान्छौं", "उ भात खान्छ", "उनी भात खान्छिन्" जस्ता वाक्यहरू बन्दछन् । यसरी एक किसिमको वाक्यलाई अर्को किसिमको वाक्यमा परिवर्तन गर्नु नै वाक्य परिवर्तन हो । खासगरी वचन, लिङ्ग र पुरूषका आधारमा वाक्य परिवर्तन गर्न सकिन्छ ।

(१) वचनका आधारमा परिवर्तन

एक वचन	**बहु वचन**
विद्यार्थी पढ्दछ ।	विद्यार्थीहरू पढ्दछन् ।

(२) लिङ्गका आधारमा (परिवर्तन)

पुलिङ्ग	**स्त्रीलिङ्ग**
भाइ दगुर्छ ।	बहिनी दगुर्छे ।

(३) पुरूषका आधारमा (परिवर्तन)

उत्तम पुरूष	**मध्यम पुरूष**	**प्रथम पुरूष**
म पढ्दछु ।	तिमी पढ्दछौ ।	ऊ पढ्दछ ।

अभ्यास

तलका वाक्यलाई वचन, लिङ्ग र पुरूषका आधारमा परिवर्तन गर

(क) भीमवन्तले दन्तकालीको मन्दिर पनि बनाए ।

(ख) परंतप दान, धर्म, तप, पूजा खूब गरिरहन्थे ।

(ग) बूढा सुब्बा घोडा चढेर शिकार खेल्न वन वन डुल्छन् भन्ने विश्वास उनीहरू गर्छन् ।

कलाकार तेजबहादुर चित्रकार

साहित्य, संगीत र कलामा प्रत्येक देशको आ–आफ्नै राष्ट्रिय गौरव लुकेको हुन्छ। यो मानिसको श्रृंगार पनि हो। नेपालीहरू कलाको क्षेत्रमा विश्व प्रसिद्ध छन्। पुर्स्तौपुस्तादेखि कलाको क्षेत्रमा ख्याति पाएका कलाकारहरू हाम्रो देशमा प्रशस्तै छन्। हाम्रो राष्ट्रिय कलाबाट विदेशीहरू पनि अत्यन्त प्रभावित छन्। मूर्तिकला र प्रस्तरकला झैं चित्रकलामा पनि हाम्रो आफ्नै मौलिक परम्परा छ। नेपाली रंगविधिका आफ्नै विशेषता छन्।

यस्तै खालका भावना आफ्ना विद्यार्थीहरूमा दिने, आफ्नो कलाको साधनामा लागिरहने चित्र कलाका कार्यदक्ष एक जना शिक्षक थिए। विद्यार्थीलाई सधैं माया गर्ने, कहिल्यै नपिट्ने, चित्र लेख्न नजानेमा हात समातेर चित्र बनाइदिने उनको बानी थियो। उनको यस्तो स्वभावले चित्रकलाको कक्षामा ठगेर भागौं जस्तो कहिल्यै कसैलाई लाग्दैनथ्यो। जाने पनि नजाने पनि विद्यार्थीहरू कक्षामा गएर केही कोरेर बसिरहूँ जस्तो गर्थे। ती चित्र कलाका साधक एक जना सफल शिक्षकलाई हामी कहिल्यै बिर्सन सक्तैनौं। तिनै कलाकारको नाम हो तेजबहादुर चित्रकार।

श्री तेजबहादुर चित्रकारको जन्म विक्रम सम्वत् १९५७ सालमा भएको हो। उनको बाल्य–जीवन मामाघरमा बितेको थियो। बालक अवस्थादेखि नै आफ्नो परिवार र मामाघरमा चित्र बनाइरहने मौका उनले पाए। अलि ठूलो भएपछि रंग बनाउने र रंग मिलाउने काममा मामाहरूलाई सघाउनु पर्‌यो। यसबाट उनलाई थरी थरीका रंगको प्रभाव बारे ज्ञान हुन थाल्यो। गाढा र फिक्का रंगबाट प्रकाश र छाया निकाल्ने जस्ता कुरा पनि उनले बुझ्न थाले। यसरी उनमा चित्रकलाको प्रभाव राम्ररी गड्दै गयो। करीब दश वर्षको उमेर

देखि नै उनले सीसा–कलमले चित्र बनाउन थाले । उनलाई जागृत रुचि र प्रतिभाले डोरचाउँदै लग्यो । रंगको पनि प्रयोग शुरू भयो । उनबाट सोह्र–सत्र वर्षको कलिलै उमेरमा रंगीन चित्र सिर्जना हुन थालिहाल्यो । "तारा" शीर्षकका रूपमा प्रसिद्ध पौभा–चित्र उनको यही उमेरको उपज हो ।

यसरी परम्परागत शैलीमा दश वर्षजति स्वतन्त्र रूपमा उनले कलाको साधना गरे । अनि कलकत्ता गई सात वर्ष जति अध्ययन गरी चित्रकलाको डिप्लोमा कोर्समा प्रथम श्रेणीमा उत्तीर्ण भए । कलकत्तामा उनले तेल–चित्रको (तेल रंग) क्षेत्रमा व्यक्ति–चित्र (पोट्रेट) मा विशेष दक्षता हासिल गर्ने प्रयास गरे ।

उनी विक्रम सम्वत् १९७९ सालमा दरबार स्कूल (हालको भानु-माध्यमिक विद्यालय) को चित्रकलाको शिक्षक पदमा नियुक्त भए । यसभन्दा अघि उनको कुनै नोकरी थिएन, आफूखुशी काम मात्र थियो । उनी वि. सं. २००४ सालमा कला पाठशालामा सरुवा भएर २०१० सालमा त्यहींको का. मु. प्रधान अध्यापक भए । २०१९ सालमा उमेरको हद पुगेकोले उनलाई नोकरीबाट अवकाश मिल्यो । त्यसको दुई वर्षपछि, राजकीय प्रज्ञा–प्रतिष्ठानमा तीन वर्षजति आफ्नो सेवा अर्पण गरी उक्त कामबाट पनि अवकाश लिए ।

यस्ता कलाका साधक शान्तिका मूर्ति र सफल गुरु आज हाम्रो बीच छैनन् । तर उनको कलासाधना र कलाप्रेम सदा–सदा हाम्रो बीचमा अविस्मरणीय रूपमा रहिरहेको छ र रहिरहने छ ।

अभ्यास

शब्द र अर्थ

विश्व प्रसिद्ध – संसारभर नाम चलेको ।
प्रस्तरकला – ढुंगा कुँद्ने सीप (ढुंगा कुँदेर वस्तु बनाउने सीप) ।
साधना – एक चित्त भई गरिने काम, अभ्यास ।
साधक – साधना गर्ने मानिस ।
जागृत – जागी रहेको ।
प्रतिभा – कुनै काम गर्न सक्ने विशेष बुद्धि ।

पौभा – रेशम अथवा त्यस्तै कपडामा लेखेको बेर्न हुने चित्र ।

उत्तीर्ण – पास, सफल ।

दक्षता – सिपालुपन ।

हासिल गर्नु – पाउनु ।

नमूना अभ्यास

१. तेजबहादुर चित्रकार विद्यार्थीहरूलाई कस्ता कस्ता विचार दिन्थे, लेख ।

२. तेजबहादुरको स्वभाव कस्तो थियो, बयान गर ।

३. चित्रकलाको कुन चाहिं क्षेत्रमा तेजबहादुर चित्रकारको विशेष दक्षता थियो, आफ्नै शब्दमा लेख ।

४. यस पाठको सारांश लेख ।

५. तल दिइएका वाक्यहरूको अर्थ लेखी वाक्यमा प्रयोग गर

(क) प्रभावित हुनु (ख) मौका पाउनु (ग) उपज हुनु (घ) दक्षता हासिल गर्नु (ङ) रंग मिलाउनु (च) गड्दै जानु (छ) बनाउन थाल्नु (ज) उत्तीर्ण हुनु (झ) अवकाश मिल्नु ।

६. तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर

गौरव, श्रृंगार, अत्यन्त, प्रस्तर, दक्षता ।

७. तल दिइएका शब्दहरू शुद्धसँग लेख

साहीत्य, ख्याती, मौलीक, चीत्रकार, सिर्शक, प्रसीद्ध, राजकिय, प्रतीश्ठान, सैलि, मुर्ति ।

रामायण

राम भन्ने नाम भएका हामीले धेरै चिनेका छौं । हाम्रो विद्यालयमा राम भन्ने नाउँ भएका कति केटा होलान् । पाचौं कक्षामा एउटा रामबहादुर छ भने सातौंमा एउटा रामदयाल पनि होला । सम्भव छ हाम्रै गाउँ पञ्चायत भित्र कतिको नाम रामजी, रामचा, राम भाई र रामबाबु होलान् । तर पछाडि जी, चा, भाई, बाबु, प्रसाद, नाथ, बहादुर, लाल, मान, सिंह, दयाल, विक्रम र शमशेर जे जोडेपनि अगाडी राम परेका नामहरू हामीहरू बराबर सुन्ने गर्छौं । अगाडि मात्र होइन बलराम, शिवराम र आत्माराम जस्ता पछाडि राम भएका नाम पनि मनग्यै सुनिन्छन् । अनि खसखस लाग्छ । यो राम भनेको के हो ।

राम के हो ?– ठूलाठूला विद्वान्हरू जान्लान् ।

राम को हो ?– यो रामायणले बताउँछ ।

त्यसैले रामायणको चिनारी गर्दा हामीले के भन्नु पर्छ भने रामायण भनेको रामको बारेमा बताइएको पुस्तक हो । यो हाम्रो एउटा प्रसिद्ध ग्रन्थ हो । जुन पुस्तक पढ्नाले एकतिर नाम बढ्छ र अर्कोतिर चरित्र बन्दछ, त्यसै पुस्तकलाई उत्तम ग्रन्थ मानिन्छ ।

रामायण पढ्ने जो सुकैलाई पनि राम भनेको को हुँ ? भनी सोधे, जवाफ पाइन्छ– "राम भनेका साक्षात् भगवान हुन् । भगवान हुन् कि मान्छे हुन्, त्यो पछि छुट्ट्याउँदै गरौंला । अहिलेलाई हामीले यति थाहा पाए पुग्छ– रामलाई हामी भगवान कै अवतार मान्दछौं ।

भगवानको अवतार भनेर उनको ब्रह्माजीको जस्तो चार मुख पनि थिएन । विष्णुका जस्तो चार हात पनि थिएनन् । महादेवको जस्तो सर्पको माला र बाघको छाला भिरेर कैलाश तिरबाट झरेको पनि उनी होइनन् । उनी पनि आफ्नी आमाकै कोखबाट जन्मेका हुन् । हामीले जस्तै केटाकेटीसँग खेलेका हुन् । सुख-दुःख दुवै पाएका हामी जस्तै मान्छे हुन् । उनी राजा दशरथकी जेठी रानी कौशल्यापट्टिका बुढेसकालमा जन्मेका छोरा हुन् ।

नेपाल, भारत, श्री लङ्का, इन्डोनेशिया र थाईल्याण्ड जस्ता धेरै देशका मान्छे रामलाई मान्छन्, रामायण पढ्छन् । रामायण हिन्दुको धर्मग्रन्थ त हुँदै हो, अरूको निमित्त पनि यो चाखलाग्दो ग्रन्थ हो । यसो नहुँदो हो त संस्कृतको रामायणलाई सबैजसो भाषामा उल्था किन गरिन्थ्यो ? संस्कृतमा पहिले लेखिएको महाकाव्य नै रामायण हो । त्यसैले यसका लेखक वाल्मीकिलाई आदिकवि भन्दछन् र उनको रामायणलाई वाल्मीकिय रामायण । यस्ता रामायण अरू पनि धेरै छन् । भानुभक्तले नेपालीमा उल्था गरेको चाहिं अध्यात्म रामायण हो । त्यसलाई भानुभक्तीय रामायण भन्दछन् ।

तर रामायण जतिसुकै भएपनि राम एउटै हुन् । राम बाहिर जस्तै भएपनि भित्र अनौठाका छन् । केटाकेटीदेखि नै रामको स्वभाव अचम्मको थियो । उनको बुद्धि कस्तो थियो भने जति गहिरो विद्या पढाए पनि उनी एकै पटकमा बुझ्थे । बलमा पनि कसैले उनलाई भेट्दैनथ्यो । उनले केटाकेटी उमेरमै ठूलाठूला राक्षसलाई हाबूकाबू पारिदिए । जनकपुरमा कसैले हलचल गराउन नसकेको शिवधनु उनले फिसै नमानी उचाल्न लागेको त पिटिक्कै भाँचियो । यही देखेर त जनक राजाले आफ्नी छोरी सीता उनलाई दिएका थिए ।

यत्रो बलबुद्धि भएर पनि उनमा घमण्ड र अभिमान पटक्कै थिएन । उनी आमाबाबु, गुरु र समाजको मर्यादा कहिल्यै नाघ्दैनथे । उनलाई राजा बनाउन बाबुले ठिक्क पारेका थिए, तर सौतेनी आमा कैकेयीले अर्घेली निकालेर बूढा दशरथलाई एक भन्नु न दुई भन्नु पारिन् । "रामले चौध वर्ष वनवास जानु रे, राजा चाहिं उनी पट्टिकै छोरा भरतले हुनु रे"– कैकेयीका यी दुई मांग थिए । उनको जिद्दीलाई दशरथले नाइँनास्ती गर्न सकेनन् । मनले नमाने पनि मुखले त्यस्तै आज्ञा दिए । तर बाबुले भनेका कुरा नाघेर राम किन आनाकानी गरिरहन्थे ? उनी वन जान तयार भए । सबैले उनको आज्ञाकारीपनको सराहनी गरे ।

रामायणले यस्ता मर्यादा, अनुशासन र आज्ञाकारिताका धेरै उदाहरण दिन्छ। जब राम वनवास जान लागे, सीताजी पनि पछि लागिन्। हिन्दू नारीको आदर्श, मर्यादा र अनुशासन उनी किन छाड्थिन् ? बरू लक्ष्मणलाई वन जाऊँ भनेर कसैले भनेकै थिएन। तर दरबारको सोख, आमाको स्नेह र स्वास्नीको प्रेम कुनै कुराको पनि पर्वाह उनले गरेनन्। दाजु–भाउज्यूको भक्त बनेर पछि लागे। लक्ष्मणको यो अज्ञानता थिएन, भातृप्रेम थियो।

आफ्नी आमाले त्यत्रो जाल रचेर फुत्काइदिएको राजसिंहासनमा खुरूक्क नबसी दाजुको खराउ ल्याएर सिंहासनमा राख्ने भरतका भातृप्रेम कम हो र ? यसरी पितृमर्यादा, भक्ति र भातृप्रेमको आदर्श सिकाउने यो बेजोड ग्रन्थलाई अनि को नपढी छाड्ला ?

अब हामीलाई यो बुझ्न गाह्रो पर्दैन– हामी धेरैको नाम राम किन रह्यो। तर नाममा राम भए जस्तै काम पनि रामकै जस्तै भइदिए कति राम्रो हुन्थ्यो ?

शब्द र अर्थ

सम्भव – हुन सक्ने।

मनग्ये – पुग्दो, चाहिंदो, चाहिने जति ।
खसखस – चौ चौ, चाख, चासो , कुरी कुरी ।
साक्षात् – खास, प्रत्यक्ष ।
अवतार – देवताहरूले मनुष्य वा अरू प्राणीहरूको शरीरमा जन्म लिनु ।
धर्म ग्रन्थ – धर्मको किताब ।
उल्था गर्नु – अनुवाद गर्नु ।
महाकाव्य – अनेक कथा भएको ठूलो काव्य ।
मर्यादा – इज्जत, मान भाउ ।
आज्ञाकारिता – आज्ञा मान्ने स्वभाव ।
आदर्श – सिक्न लायक गुण, साह्रै राम्रो गुण ।

नमूना अभ्यास

१. रामायणलाई किन उत्तम ग्रन्थ भनिएको हो ? कारण दिई लेख ।
२. राम को हुन् र राजा जनकले आफ्नी छोरी सीता रामलाई किन दिए ?
३. रामले वन जान पर्नाका कारण के हो, बयान गर ।
४. वाल्मीकि को हुन् र उनको रामायणलाई के भनिन्छ, लेख ।
५. रामको पितृमर्यादा र लक्ष्मणको भातृप्रेम कस्तो थियो, आफ्नै शब्दमा लेख ।
६. **तल दिइएका वाक्यांशलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर**
   (क) खसखस लाग्नु (ख) अवतार मान्नु (ग) भट्याई भट्याई पढ्नु
   (घ) पिटिक्क भाँचिनु (ङ) आनाकानी गर्नु
७. "रामायण" कथाको सारांश लेख ।
८. **तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर**
   अवतार, अध्यात्म, भानुभक्तीय, हुतीहारा, टन्टा ।
९. **तल दिइएका शब्दहरू शुद्धसँग लेख**
   ठुलाठुला, वीद्वान, जेठिरानि, अभीमान, आज्ञाकारि, वनवासीनि, सींहासन, श्रिमति, युवराज्ञि ।

देशको माटो रम्न सके

देशको माटो, रम्न सके, रम्छ नेपाल
यही माटो गल्न सके, (बन्छ विशाल – २)

पहरा छन्, गुराँसका, यिनै लेक बेसी
रंगेका छन् डाँफे मुनाल, हिमचुलीदेखि

भृकुटी र, सीता अझ, आई डुल्न सक्छन्
जनक,बुद्ध अझ अरू, ज्ञान छर्न सक्छन्

देशको माटो ..... (बन्छ विशाल – २)

पाइला चाले शंकरले, यही माटोमा
मेची काली, बढन थाले, यही धर्तीको बाटोमा

लागेको छ माटो रम्न, देखि हामी सन्तति
यही माटोको माया गर्छन् कोटी आत्मा छन् जति

देशको माटो ..... (बन्छ विशाल – २)

शब्द र अर्थ

रम्नु – रमाउनु
धर्ती – पृथ्वी
सन्तती – सन्तान

नमूना अभ्यास

१. कक्षागत गीत लय मिलाई गाऊ ।
२. यस गीतको सारांश आफ्नै शब्दमा लेख ।
३. "जनक, बुद्ध अझ अरू, ज्ञान छर्न सक्छन्" पाठको आधारमा प्रष्ट गरी लेख।
४. "मेची काली, बढन थाले यही धर्तीको बाटोमा" भन्नुको आशय के हो, लेख।

५. तल दिएका शब्दहरू वाक्यमा प्रयोग गर

(क) रमाउनु (ख) गाल्नु (ग) हिमचुली (घ) विशाल (ङ) पाइला ।

६. तल दिइएका शब्दहरू शुध्द गरी लेख

देस, यहि, सिता, ग्यान, संकर, मेचि, कालि, कोटि, बिसाल, जती ।

कक्षागत रूपमा कक्षा ६ का विद्यार्थीले गाउने
राष्ट्रिय गीत

देशको माटो रम्न सके रम्छ नेपाल
यही माटो गल्न सके बन्छ विशाल, बन्छ विशाल } ... २

पहरा छन् गुराँसका यिनै लेक बेसी, रमेका छन् डाँफे मुनाल हिमचुली देखी .२
भृकुटी र सीता अझ आई डुल्न सक्छन्
जनक बुद्ध अझ अरू ज्ञान छर्न सक्छन्

देशको माटो रम्न सके रम्छ नेपाल
यही माटो गल्न सके बन्छ विशाल, बन्छ विशाल } ... २

पाइला चाले शङ्कुरले यही माटोमा, मेची काली बढ्न थाले यही धर्तीको काटोमा .२
लागेकोछ माटो रम्न देखी हामी सन्तति
यही माटोको माया गर्छन् कोटी आत्मा छन् जति

देशको माटो रम्न सके रम्छ नेपाल
यही माटो गल्न सके बन्छ विशाल, बन्छ विशाल } ... २

महेन्द्र माला कक्षा ६